वर्ष : २१, अंक : ११, काठमाडौं, २०८२ साउन ९ गते शुक्रबार, 25 July, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## सरकारलाई दिएको समर्थन फिर्ता लिने निष्कर्षमा किन पुग्यो जसपा नेपाल ?



काठमाडौं । नेपालको संविधान २०७२ को मस्यौदा आइसकेपछि उपेन्द्र यादव नेतृत्वको तत्कालीन संघीय समाजवादी फोरम, नेपालले संविधानप्रति असहमति राखी आन्दोलन गरेको थियो । आन्दोलनकारीमाथि गोली प्रहार, निर्मम दमन र धरपकड गर्दै तत्कालीन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारले संविधान जारी गर्यो । संविधान जारी भएको खुसीयालीमा दिपावली भइरहँदा सिंगो मधेससहितका केही जिल्लाले कालो दिन मनाए । आन्दोलन रोकिएन । संविधान जारी भएपछि २०७२ असोज २४ गते प्रधानमन्त्री बनेका केपी शर्मा ओली आन्दोलनप्रति झन् अनुदार देखिए । आन्दोलनकारीमाथि सरकारले बर्बर दमन गर्यो । काठमाण्डौ केन्द्रित आन्दोलन, आमहड्ताल, रिले अनसनदेखि हुलाकी राजमार्गमा विशाल मानव साङ्लो बनाएर विभिन्न स्वरुपमा आन्दोलन भयो । नेपालको संविधान २०७२ को मस्यौदा आएदेखि २०७५ जेठ १३ गतेसम्म जारी उक्त आन्दोलनमा सयौं आन्दोलनकारी मारिए । हजारौं आन्दोलनकारीहरु अङ्गभङ्ग र घाइते भए । कयौंलाई झुठा मुद्दा लगाइयो । दिन, महिना हैन, वर्षौंसम्म आन्दोलन भयो । सरकार टसमस भएन । आन्दोलनको रुप बदल्दै अन्ततः तत्कालीन नेपाल कम्युनिष्ट पार्टी ९नेकपा० का अध्यक्षद्वय केपी शर्मा ओली तथा पुष्पकमल दाहाल प्रचण्ड र संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवबीच २०७५ जेठ १४ गते संविधान संशोधन गर्ने र ससफो नेपाल सरकारमा सहभागी हुने गरी दुई बुँदे सहमति भयो ।

तत्कालीन सरकार संविधान संशोधन गर्न तयार भएन । ससफो नेपाल केही समयपछि सरकारबाट बाहिरियो । जसपा नेपालले त्यसपछिका सरकारलाई पनि संविधान संशोधन गर्ने औपचारिक र अनौपचारिक सहमतिका आधारमा सरकारमा सहभागी भएर त कहिले बाहिरबाटै सरकारलाई समर्थन गर्ने गरेकै हो । संविधान संशोधनका माग र मुद्दाहरु बोकेर पार्टी सदन र सरकार र सडकसम्म पुग्यो । त्यसको मुख्य उद्देश्य पार्टीले उठाएको संविधान संशोधनको एजेण्डा सम्बोधन होला कि भन्ने थियो ।

२०८१ असार १७ गते नेपालका ठूला दुई दल नेपाली कांग्रेस र नेकपा एमाले (जसले संविधान संशोधनको माग राख्ने तत्कालीन ससफो नेपालको आन्दोलनमाथि बर्बर दमन गरेका थिए) ले नै संविधान संशोधन गर्ने सहमतिसहित गठबन्धन गरे । यो सहमतिप्रति जसपा नेपाल सकारात्मक थियो । त्यसैकारण जसपा नेपालले यसपटक अन्य थुप्रै विमतिका बाबजुद कांग्रेस-एमाले गठबन्धनको सरकारलाई निसर्त समर्थन गर्यो । प्रमुख दलहरु स्वयंले नै संविधान संशोधनको आवश्यकता र औचित्य देखेको कारण यसपटक संविधान संशोधन हुन सक्ने जसपा नेपालको अनुमान थियो । तर सधैं झैं उनीहरुको प्रतिबद्धता कागजमै सीमित रहने देखियो । संविधान संशोधन गर्ने सहमतिको पनि एक वर्ष पुरा हुन लाग्यो । गठबन्धन सरकारबाट संविधान संशोधन हुने कुनै संकेत, आधार र अवस्था देखिएन । सरकारलाई दिएको समर्थनको औचित्य नरहेपछि जसपा नेपाल सरकारलाई दिएको समर्थन फिर्ता लिने निष्कर्षमा पुग्यो ।

## वातावरणीय असन्तुलन सबैका लागि चिन्ताको विषय : मुख्यमन्त्री सिंह

जनकपुरधाम । मुख्यमन्त्री सतिश कुमार सिंहले वातावरणीय असन्तुलन सबैका लागि चिन्ताको विषय भएको बताएका छन् । मौसमको प्रतिकुलता र वातावरणीय असन्तुलनले प्राकृतिक प्रकोप बढने खतरा रहेको बताउँदै मुख्यमन्त्री सिंहले चुरे संरक्षणमा तिनै तहका सरकारको साझा प्रयास आवश्यक रहेको बताए ।

राष्ट्रपति चुरे तराइ मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाई जनकपुरधामद्वारा आयोजित प्रदेश स्तरीय सोत परिचालन समिति तथा प्रदेश सवन्मय समितिको संयुक्त बैठकको विहिवार धनुषाको लालगढ़मा उदघाटन गर्दै मुख्यमन्त्री सिंहले पछिल्लो समय खोलाको सतह बढ्दै जानु खतरापूर्ण रहेको बताए । चुरेको मरुभुमीकरण रोक्न र नदीको संरचनाहरुको सुरक्षाका लागि नदीजन्य पदार्थको वातावरणमैत्री उत्खनन गर्नुपर्नेमा जोड दिदै मुख्यमन्त्री सिंहले वातावरणमैत्री उत्खनन वाट प्राप्त नदीजन्य पदार्थको निर्यात मार्फत आम्दानी समेत वृद्धि गर्ने तर्फ अग्रसर हुनुपर्नेमा जोड़ दिए । प्रदेश सरकार संरचनामा आएपछि आर्थिक वर्ष २०८१ - ८२ मा सवभन्दा बढी ७१ दसमलव ४८ प्रतिसत वजेट खर्च भएकोमा खुशी व्यक्त गर्दै मुख्यमन्त्री सिंहले यो उपलब्धीका लागि प्रदेश सरकार मातहतका कर्मचारी र सरोकारवाला सबैलाई धन्यवाद दिए ।

## मन्त्रीहरू मान्छे बेच्नमा व्यस्त : प्रभु साह

काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले 'देउता (भगवान) भेटन सहज छ, तर परराष्ट्रमन्त्री भेटन गाहरो' रहेको टिप्पणी गरेका छन् । विदेशमा अलपत्र परेका नेपालीको उद्धार गर्न नसक्ने तर सरकार मान्छेको बेचबिखनमा संलग्न रहेको गम्भिर आरोप उनले लगाए ।

प्रतिनिधिसभाको बुधबार बसेको बैठकमा आजपा अध्यक्ष साहले रौतहटका जयप्रकाश साह विगत एक बर्षदेखी युक्रेनमा फसेको तर सरकारले उद्धारका लागि कुनै चासो नै नदिएको बताए । जयप्रकाश जस्तै सयौं मान्छेहरु युक्रेनमा फसेको बताउदै उनले तिनिहरुको उद्धारमा सरकारले कुनै चासो नदिएको भन्दै सरकारको जवाफ माग गरे ।

परराष्ट्रमन्त्री आरजु राणालाई पीडित परिवारले भेटन नपाएको बताउदै उनले भने, 'सभामुख महोदय मैले दुखका साथ भन्नुपरेको छ । देउता (भगवान) भेटन सहज छ, तर परराष्ट्रमन्त्री भेटन गाहरो छ । जयप्रकाशका श्रीमती एक बर्षको बच्चा बोकेर सरकारी अडामा भौतारिनुपरेको छ । तर उनले न्याय पाउन सकिरहेकी छैनन् । न्याय पाउन के गर्नुपर्छ ? म सरकारको जवाफ चाहन्छु ।'

# 'सम्पूर्ण मधेश एक प्रदेशको नेतृत्व अब हाम्रो काँधमा आएको छ'



काठमाडौं । नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारीले सम्पूर्ण मधेश एक प्रदेशको नेतृत्व आफूहरुले गर्ने दाबी गरेका छन् ।

बिहीबार नेसंसपाको केन्द्रीय पदाधिकारहरुको विशेष बैठकमा सम्बोधन गर्दै अध्यक्ष अन्सारीले यस्तो बताएका हुन् । उनले "समग्र मधेश एक प्रदेश" बनाउने जनचाहनालाई आत्मसात गर्दै पार्टीका सम्पूर्ण नेता-कार्यकर्तालाई वैकल्पिक राजनीतिक शक्तिको निर्माणमा गम्भीरता, प्रतिबद्धता र संकल्पका साथ अघि बढ्न निर्देशन दिएका छन् ।

'नेपाली जनताको चाहना हो – समानता, स्वतन्त्रता, सामाजिक न्याय, सुशासन र समृद्ध नेपाल। समाजवादको लक्ष्य, बहुराष्ट्रिय राज्यको स्थापना र अधिकार सम्पन्न प्रदेशहरूको निर्माणले मात्र त्यो सम्भव छ', उनले भने ।

केन्द्रीय पदाधिकारीहरूको विशेष बैठक अन्सारीको अध्यक्षतामा सञ्चालन पार्टी उपमहासचिव जनक कार्कीले गरेका थिए भने उपाध्यक्ष तथा प्रदेशसभा सदस्य, पूर्वगृह, कानुन तथा सञ्चारमन्त्री बिमला अन्सारी विशेष रूपमा उपस्थित थिइन् । बैठकमा सबै केन्द्रीय पदाधिकारी र आमन्त्रित सदस्यहरूको उल्लेखनीय उपस्थिति थियो ।

बैठकले देशको वर्तमान राजनीतिक अवस्था, सरकारको कार्यशैली, आम नागरिकको जनजीवन र पार्टीको भावी कार्ययोजनामाथि गम्भीर छलफल गर्दै पाँच वटा ठोस निर्णयहरू पारित गरेको छ।

बैठकले सरकारको कार्यशैलीप्रति गहिरो चिन्ता व्यक्त गर्दै निष्कर्ष निकालेको छ कि वर्तमान सरकारको पालामा भ्रष्टाचार

*बाँकी अन्तिम पृष्ठमा*

## डा.मिनाक्षी ठाकुरबारे आएका समाचारप्रति लोसपाको गम्भीर ध्यानाकर्षण

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालकी केन्द्रीय सदस्य डा.मिनाक्षी ठाकुरको नाम जोडिएर श्रम मन्त्रालयको गाडी उपहार दिइएको भन्ने समाचार केही सञ्चारमाध्यममा आएकोप्रति लोसपा नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

लोसपा नेपालका महासचिव डा.सुरेन्द्र कुमार झाले केही अनलाइनमा आएका समाचार निराधार, कपोकल्पित, भ्रामक र चरित्र हत्या गर्ने प्रयास भएको भन्दै सो समाचारको खण्डन गरेका छन् ।



'केही अनलाइन सञ्चारमाध्यममा लोसपा नेपालका अध्यक्ष एवं पार्टीकी केन्द्रीय सदस्यलाई जोडेर गाडीसम्बन्धी समाचार सम्प्रेषण भएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' मधेशवाणीसँग कुराकानी गर्दै उनले भने, 'यी समाचारहरु कपोकल्पित, तथ्यहीन झुठो रहेका छन् ।'

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कुनै पनि गाडी पार्टी अध्यक्ष महन्थ ठाकुर वा उनको छोरीको नाममा प्राप्त नगरेको उनले दाबीसमेत गरेका छन् । यस्ता किसिमका समाचार कसरी आयो भन्ने कुरामा लोसपा नेपालको गम्भीर ध्यानाकर्षण भएको बताए ।

उनले यो समाचारबारे छानबिन गरिरहेको बताउँदै सत्यतथ्य पत्ता लगाइसकेपछि भ्रमपूर्ण र तथ्यहीन समाचार लेख्ने र लेखाउनेप्रति कानूनीरुपमा अगाडि बढ्ने जानकारी दिएका छन् । मन्त्रालयको गाडी हरायो र फेरि फेला पर्‍यो भन्ने विषयसँग पार्टी, पार्टी अध्यक्ष वा उनको छोरीसँग कुनै सरोकार नरहेको उनले बताएका छन् ।

उनले भने, 'महन्थ ठाकुरजी निष्ठा र सादगीपूर्ण जीवन बिताउने नेताको रुपमा हुनुहुन्छ ।'

## चीनले पूर्वजानकारी नदिंदा रसुवामा जनधनको ठूलो क्षति भयो : सांसद खान

काठमाडौं । जनमत पार्टीका राष्ट्रिय उपाध्यक्ष एवं प्रतिनिधिसभाका सदस्य अब्दुल खानले चीन सरकारले पूर्वजानकारी नदिँदा रसुवामा बाढीबाट ठूलो जनधनको क्षति भएको बताएका छन् ।

प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा सांसद खानले रसुवा जिल्लाको रसुवागढीमा असार २४ गते आएको बाढीले पुर्‍याएको जनधनको क्षतिप्रति चीन सरकारले जिम्मेवारी लिनुपर्ने बताएका हुन् ।

नेपाल-चीन सीमास्थित रसुवागढीम अचानक आएको बाढीले ठूलो विध्वंश मचाउनुको सार्थ जनधनको क्षति भएको थियो । सो बाढी छिमेकी तिब्बतबाट उत्पन्न भई रसुवागढी शहरको प्रमुख हिस्सामा बाढी आएको थियो ।

चीनले यदि समयमै पूर्वचेतावनी दिएको भए जल नियन्त्रित गर्न सकिन्थ्यो र उद्धार कार्य तथा बचाउन गर्न सकिन्थ्यो भन्दै सांसद खानले यसको जिम्मेवारी चीनले लिनुपर्ने बताए ।



'हाल मेरो बर्दिया जिल्लाको मेरै क्षेत्रको २ वटा पालिकामा चिन्ता तथा शोकको बादल छाएको छ, कामको शिलशिलामा आफ्नो परिवारको भविष्य खोज्न रसुवा जिल्लाको रसुवगढीमा पुगेका थिए, अन्तर्राष्ट्रिय पर्वतीय विकास केन्द्र (इसिमोड) अनुसार तिब्बत स्थित 'सुप्राग्लेसियल' ताल फुटेर बाढी आएर रसुवागढी जलविद्युत आयोजनामा कार्यरत बर्दिया जिल्लाको बाराबर्दिया नगरपालिका वार्ड नं १० को फेनापती र गुमस्ता गाउँ निवासी ३६ वर्षीय जिप्पन चौधरी,३५ वर्षीय सन्तोष दैईत र २५ वर्षीय बुद्धिराम थारु रहेको थिए भने त्यस्तै बढैयाताल गाउँपालिका वार्ड नं ६ भदैहि गाउँ निवासी २४ वर्षे लक्ष्मण नारायण चौधरी र ३० वर्षीय सुरेश थारु बेपत्ता भएका छन्,' उनले भने ।

यसरी बेपत्ता हुनुको कारण परिवार, आफन्त तथा गाउँको हालत के होला भन्दै चिन्ता व्यक्त गर्दै उनले बाढीको कारण बेपत्ता भएकोले सरकारले उहाँहरुको अवस्थालाई सार्वजनिक गर्न जोडदार माग गरेका छन् ।

यो बाढी पानी परेर नआएको भन्दै छिमेकी देश तिब्बतको लाङटाङ क्षेत्रमा रहेको 'सुप्राग्लेसियल' ताल फुटेर उसको पानी बाढीको रूप लिइ रसुवामा तबाही मचाएको बताए । हालसम्म ९ जनाको शव भेटिसकेको छ र लगभग १८-१९ जनाको अवस्था अहिले अज्ञात रहेको छ ।

उनले भने, 'बडो दुखत रूपमा भन्नु पर्दा चीन द्वारा नदीको प्रवाह ,वर्षको स्तर र मौसम सम्बन्धी स्थितको विषयमा कुनै प्रकारको पूर्व जानकारी नदिई अन्तर्राष्ट्रिय मापदण्डको विपरीत कार्य गरेको छ, तत्काल दुवै देशले संयुक्त रूपमा पूर्ण तदारुकताको साथ उद्धार कार्य जुट्नु पर्ने तर चीनले त्यस कार्यमा समेत विलम्ब गरेको पनि विभिन्न अनुसन्धानहरूले देखाइरहेका छन् ।'

यो घटनामा सयौं ईभी गाडी, ट्रक, कारहरु बगाएको छ र जलविधुत आयोजनामा समेत क्षति पुर्याएको छ । मितेरी पुलसहित दर्जनौं भौतिक संरचना पूर्णरूपमा ध्वस्त पारेको अवस्था छ ।

'यसरी जन र धनको क्षती हुँदा क-कसले जिम्मा लिनुपर्ने ?,' सांसद खानले प्रश्न गर्दै भनेका छन्, 'जलवायु परिवर्तनको कारणले यदि यो घटना भएको छ भने चीनले र विश्वले जिम्मा लिनु पर्यो र नेपाललाई क्षतिपूर्ति दिनु पर्ने अन्तर्राष्ट्रिय व्यवस्था छ, साथै यस्ता घटनाहरू अब उप्रान्त नहुने चीन नेपालको संयुक्त रणनीतिमा र नीतिमा समेत सरकारको गम्भीर हुन एक दम आवश्यक रहेको छ ।'

## सम्पादकीय

# किसानको रोदन, सरकारको बेवास्ता

कृषि प्रधान देश भन्ने कुरा अहिले भनाइमा मात्र सीमित भएको छ । नेपाल कृषि प्रधान देशभन्दा पनि कुर्सी प्रधान देशको रुपमा परिणत भएको छ । कृषकको आर्थिक समस्या समाधान गर्न नगदे बालीको खेती गर्न प्रोत्साहन गर्ने र कृषकको उत्पादनलाई सहज रुपमा रकममा रुपान्तरण गर्ने व्यवस्था मिलाउनुपर्ने अहिलेको आवश्यकता हो । अहिलेको उँखु किसान जस्तो पिडित बनाउनु हुदैन । कृषिलाई व्यवसायको रुपमा विकास गर्ने र यसकै माध्यमले आफ्ना आवश्यकताको पुर्ति गर्ने बाटोमा हिडनु पर्छ । कृषिको लागि चाहिने मल र बिउ बिजनको उत्पादन आफैले गर्ने । यसले चाहिने बेलामा सँधै मलको अभाव हुने समस्याको पनि अन्त्य हुन्छ । कृषिलाई व्यवसायको रुपमा विकास गर्न सकेमा कृषि उत्पादन समेत आयात गर्नु पर्ने बाध्यताको अन्त्यसँगै धेरै हदसम्म रोजगारीको समस्याको पनि समाधान हुनेछ । नेपालमा परम्परागत रुपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरिदै आएको छ । यसकारण उत्पादकत्वमा समय अनुसार बृद्धी हुन सकेको छैन । कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि हुन नसकेको कारण कृषि अहिलेसम्म निर्वाहमुखी पेसाकै रुपमा सीमित रहेको छ । कृषि नाफामूलक व्यवसायको रुपमा विकास हुन नसकेकै कारण कृषिमा युवावर्ग आकर्षित हुन सकेको छैन । कृषिलाई आधुनिकीकरण नगरि नाफामूलक बनाउन सकिदैन । कृषिलाई नाफामूलक व्यवसायको रुपमा विकास नगरी युवावर्गलाई कृषिमा आकर्षित गर्न सक्ने सम्भवना छैन । कृषिलाई पनि आकर्षित र सम्मानित व्यवसायको रुपमा विकास गर्न सके मात्र नेपालले रोजगारी र खाद्यान्नि आयात गर्ने समस्या समाधान गर्न सक्छ । यसले मात्र नेपाली नागरिकको नेपालको संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी मौलिक हकको सुनिश्चितता गर्न सरकारलाई सहज हुनेछ ।

कृषि जीवन निर्वाहको प्रमुख आधार हो । कृषिविना मानव अहारको आपुर्ति हुन सक्दैन । जीवन जिउन कृषि उत्पादनको उपयोग नगरि सम्भव छैन । तर हामी जस्तो कृषि प्रधान देशमा पनि कृषिमा युवावर्ग आकर्षित हुन सकेको छैन । विश्वका अधिकांश मुलुकले कृषि पेसा अपनाएका छन् । कतिले कृषिमा आधुनिकीकरण गरिसकेका छन् र कतिपय मुलुक आधुनिकीकरण गर्ने क्रममा रहेका छन् । कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण नगरि उत्पानदकत्व् बृद्धि गर्न सम्भव छैन । उत्पाादकत्व बृद्धि नगरि खाद्यान्न आयात गर्ने बाध्यता टर्ने सम्भवना छैन । नेपालमा उत्पादन हुने प्रमुख खाद्यबाली धान, मकै, कोदो र गँहु लगायतका खाद्यान्न समेत आयात हुने गरेको छ । यसले नेपालको प्रमुख पेसा कृषिको दयनीय अवस्थाको संकेत गरेको छ ।

नेपालमा अधिकांशले कृषिलाई निर्वाहमूखी पेसाको रुपमा अपनाएको पाइन्छ, र परम्परागत खेतीपाती गर्ने प्रणालि अपनाउँदै आएका छन् । परम्परागत कृषिले कृषकको आवश्यकता पूर्ति गर्न सकेको छैन । कृषिबाट आफ्ना अवश्यदकता पूर्ति नभएकै कारण कृषिमा आकर्षण बढ्न सकेको छैन । कृषकको आवश्याकता सजिलै पूर्ति गर्न सक्ने अर्थात् कृषि पेसा अपनाएर आफ्ना परिवारको सम्पूर्ण आवश्यछकता पूर्ति गर्न सक्ने अवस्थामा कृषिलाई पुर्‍याउनै पर्छ । यसले मात्र कृषिमा आकर्षण बढ्ने छ । साथै कृषि पेसा अपनाएकालाई सम्मान गर्ने र कृषिलाई सबभन्दा सम्मानित पेशाको रुपमा लिन सक्नु पर्छ । कृषिलाई एक नाफामूलक व्यवसायको रुपमा विकास गर्नै पर्ने हुन्छ ।

कृषिलाई नाफामूलक व्यवसायको रुपमा विकास गर्न खेतियोग्य जमिनबाट वर्षैभरि उत्पादन लिन सक्नुपर्छ । साथै खेतियोग्य जमिनको संरक्षण र सदुपयोग गर्न त्यतिनै जरुरी छ । मौसम अनुसार खेतीपाती गर्ने त्यो पनि अकासे सिँचाईको भरमा । कृषिको यो बाध्यताको अन्त्य हुनै पर्छ । वर्षमा दुई उत्पादन लिन सक्ने धान लगायतका कृषि उत्पादनको दुई उत्पादन लिने । त्यसको लागि सिँचाई लगायतका अन्य आवश्यकताको व्यवस्थापन गर्ने । कृषि उत्पादनको उचित मूल्य तोक्ने । जसबाट कृषकको लागत उठोस र आवश्यककता पनि पुरा होस् । कही कृषि उत्पादनले बजार नपाउने तर कही त्यही उत्पादनको अभाव हुने र आयातित वस्तुले बजार पाउने अवस्थाको पनि अन्त्य हुनै पर्छ ।

# मौद्रिक नीतिको व्यावहारिक कार्यान्वयन र वित्तीय क्षेत्रको नवीन समायोजन



रमेश कुमार बोहोरा

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/०८३ का लागि सार्वजनिक गरेको मौद्रिक नीतिलाई कार्यान्वयनमा ल्याएको छ । नीति सार्वजनिक गरिएको केही दिनमै राष्ट्र बैंकले त्यसलाई कार्यरूप दिन थालिसकेको छ । यो सन्दर्भमा सेयर धितो कर्जा, आवास कर्जा, विपन्न वर्ग लक्षित कर्जा, वित्तीय विवरण प्रकाशनको समयसीमा पुनर्तालिकीकरण सुविधा जस्ता थुप्रै क्षेत्रमा गम्भीर कार्यगत सुधारको संकेत गरिएको छ ।



राष्ट्र बैंकले साउन १ गतेदेखि सेयर धितोमा राखेर पाउने कर्जाको सीमा बढाएको छ । अबदेखि सेयर धितोमा राखी लिने मार्जिन प्रकृतिको कर्जामा एकल ग्राहक कर्जाको सीमा अधिकतम २५ करोड रुपैयाँ तोकिएको छ । यसअघि यो सीमा १५ करोड रुपैयाँ थियो । यसले पूँजी बजारमा सकारात्मक प्रभाव पारेको छ । जसका प्रमाण स्वरूप सेयर बजारमा तीन दिनसम्म उच्च अंकको वृद्धिको देखिएको छ । यद्यपि यो सीमा मार्जिन कर्जाका लागि मात्र लागु हुने जनाइएको छ । अन्य प्रयोजनका लागि सेयर धितो राखी लिने कर्जामा भने सीमा कायम गरिएको छैन । यसले साना तथा खुद्रा लगानीकर्तादेखि लिएर ठूला संस्थागत लगानीकर्तासम्मका लागि कर्जा प्रवाह सहज बनाउने अपेक्षा गरिएको छ । संस्थागत ऋणीका लागि कुनै सीमा नराखिएकाले यस्तो नीतिले संस्थागत लगानीलाई प्रोत्साहित गर्ने सम्भावना छ ।

यसका अतिरिक्त राष्ट्र बैंकले पहिलोपटक घर किन्ने व्यक्तिहरूका लागि पनि ठूला सहुलियत ल्याएको छ । हालसम्म ७० प्रतिशत रहेको लोन टु भ्यालु रेसियो बढाएर ८० प्रतिशत पुर्‍याइएको छ । यो कर्जा अधिकतम ३ करोड रुपैयाँसम्म लिन सकिनेछ । यस्तो सुविधा लिँदा कर्जा लिने व्यक्तिले पहिलोपटक घर किनिरहेको प्रमाणित गर्नु पर्नेछ भने घरको आकार अधिकतम ३ हजार वर्गफिटसम्म हुनुपर्ने छ । यसले पहिलोपटक घर किन्न चाहने मध्यम वर्गका लागि ठूलो राहत प्रदान गरेको छ ।

घर भाडाबाट हुने आम्दानीलाई आम्दानी स्रोतको रूपमा देखाउन नमिल्ने व्यवस्था, कर्जाको ब्याजदर बढ्दा मासिक किस्ता बढ्न नदिने प्रावधान तथा घरको मूल्यांकनको आधारमा कर्जा प्रवाह गर्ने जस्ता निर्देशिका संशोधनले कर्जाको गुणस्तर, पारदर्शिता र दिगोपन सुनिश्चित गर्न खोजिएको देखिन्छ ।

रियल स्टेट क्षेत्रको कर्जामा पनि सुधार ल्याइएको छ । हालसम्म ६० प्रतिशत कायम गरिएको रियलस्टेट कर्जाको लोन टु भ्यालु रेसियो अब ७० प्रतिशतसम्म पुग्न सक्ने व्यवस्था गरिएको छ तर यो विशेषत: घर निर्माण व्यवसाय कम्पनी तथा सरकारले स्वीकृत परियोजनामा मात्रै लागू हुनेछ । यसले नियमनबिना भइरहेको आवास विकासमा अंकुश लगाउने र व्यवस्थित विकासको मार्ग खुलाउने सम्भावना देखिएको छ ।

यसका साथै राष्ट्र बैंकले वित्तीय विवरण प्रकाशनसम्बन्धी समयसीमा पनि संशोधन गरेको छ । अब बैंक तथा वित्तीय संस्थाहरूले त्रैमासिक विवरण त्रैमास सकिएको १५ दिनभित्र र चौथो त्रैमासको विवरण साउन ३० गतेभित्र प्रकाशन गर्न सक्नेछन् । पहिले यो समयसीमा क्रमश: ७ र २१ दिन रहेको थियो । यो लचिलो व्यवस्था वित्तीय संस्थाहरूका लागि रिपोर्टिङको सहजता र कार्यसञ्चालनमा लचीलोपन ल्याउने दिशामा गरिएको सुधार मानिन्छ ।

युवावर्ग लक्षित कर्जामा पनि यस वर्षको मौद्रिक नीतिले ठूला परिवर्तन ल्याएको छ । विशेषत: वैदेशिक रोजगारका लागि जाने युवाहरूलाई लक्षित गर्दै पुरुषलाई ३ लाख र महिलालाई ५ लाख रुपैयाँसम्मको कर्जा धितोबिना उपलब्ध गराउने निर्णय कार्यान्वयनमा ल्याइएको छ । पहिले यो सीमा १ लाख ५० हजार रुपैयाँ मात्र थियो । राष्ट्र बैंकको परिपत्र अनुसार अब यस्तो कर्जा 'विपन्न वर्ग कर्जा' मा गणना गर्न सकिनेछ । यसले युवालाई आत्मनिर्भर र स्वरोजगार बनाउने दिशामा प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

जाजरकोट, रुकुम लगायत कात्तिक २०८० को भूकम्प प्रभावित क्षेत्रका ऋणीहरूका लागि राष्ट्र बैंकले कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचनाको व्यवस्था कार्यान्वयनमा ल्याएको छ । व्यावसायिक कर्जा, आवासीय कर्जा र अन्य व्यक्तिगत कर्जामा यस्तो सुविधा लागू हुने उल्लेख गरिएको छ । ऋणीको अनुरोधमा कर्जा पुनर्तालिकीकरण गर्न पाउने यो सुविधा सन् २०२५ अक्टोबर १६ ( २०८२ असोज मसान्त) भित्रमा सम्पन्न गर्नुपर्नेछ ।

कर्जा पुनर्संरचनाका लागि ऋणीको नगद प्रवाह र आम्दानीको विश्लेषण गरी कम्तीमा १० प्रतिशत ब्याज असुल गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै पुनर्तालिकीकरण वा पुनर्संरचनाको अवस्थामा पनि कर्जालाई पुरानै वर्गीकरणमा राख्नुपर्ने प्रावधानले वित्तीय अनुशासन कायम राख्ने प्रयास गरिएको देखिन्छ ।

यी सबै निर्णयहरू सैद्धान्तिक मात्र नभइ कार्यान्वयनमा ल्याइएको अवस्था देख्दा यो वर्षको मौद्रिक नीति व्यवहारिक पनि बन्न खोजेको देखिन्छ । विशेषत: गभर्नर विश्वनाथ पौडेलको कार्यकालमा मौद्रिक नीतिले सेयर बजार, आवास क्षेत्र, युवा लक्षित कर्जा, विपद् प्रभावित क्षेत्रका ऋणीहरू लगायत सबै पक्षलाई सम्बोधन गर्ने बहुआयामिक दृष्टिकोण लिएको पाइन्छ ।

> यो नीतिले अपेक्षित परिणाम दिन सक्षम छ वा छैन भन्ने कुराको मूल्यांकन नीति कार्यान्वयनको गहिराइ, बैंक तथा वित्तीय संस्थाहरूको जिम्मेवारीबोध र सरकारी समन्वयको प्रभावकारितामा निर्भर रहनेछ । कर्जाको असुली दर, बैंकिङ क्षेत्रको तरलता अवस्था, व्याजदरको सन्तुलन र क्रेडिट ग्रोथका सूचकहरू निकट भविष्यमै यसको प्रभाव मापन गर्न सहयोगी हुनेछन् ।

यो नीतिले अपेक्षित परिणाम दिन सक्षम छ वा छैन भन्ने कुराको मूल्यांकन नीति कार्यान्वयनको गहिराइ, बैंक तथा वित्तीय संस्थाहरूको जिम्मेवारीबोध र सरकारी समन्वयको प्रभावकारितामा निर्भर रहनेछ । कर्जाको असुली दर, बैंकिङ क्षेत्रको तरलता अवस्था, व्याजदरको सन्तुलन र क्रेडिट ग्रोथका सूचकहरू निकट भविष्यमै यसको प्रभाव मापन गर्न सहयोगी हुनेछन् ।

यसरी हेर्दा २०८२/०८३ को मौद्रिक नीतिको कार्यान्वयनले केवल आर्थिक सूचकमा सुधार ल्याउने मात्र होइन सामाजिक आर्थिक रूपान्तरणको दिशामा पनि अग्रसर गराउने आशा गरिएको छ । नीति बहुआयामिक छ अब यसको प्रभावकारिता त्यसको निष्पादन क्षमतामा निर्भर रहनेछ । प्रेस तथा सार्वजनिक निगरानीद्वारा यसको प्रभाव निरन्तर मूल्याङ्कन हुन आवश्यक छ ताकि नीति र व्यवहारको खाडल झनै साँघुरो बनाइयोस् ।

*(लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ । )*

# समाजवादको नेपाली बाटो: सङ्घीय समाजवाद

## (जसपाको सङ्घीय परिषदको प्रथम बैठकद्वारा पारित पार्टी नीति तथा कार्यक्रमसम्बन्धी राजनीतिक प्रस्ताव)

**१. विषय प्रवेश**

पार्टी नीति तथा कार्यक्रम पार्टीले सार्वजनिकरूपमा घोषणा गरेका आफ्ना लक्ष्यहरूको योग हो, जसको आधारमा पार्टीको चरित्र निरुपण हुन्छ र जनता पार्टीमा गोलबन्द हुन्छ । यो पार्टीले सार्वजनिकरूपमा फहराइरहेको नीति र कार्यक्रमको वैचारिक ध्वजा हो । पार्टी नीति राजकीय तथा सार्वजनिक मामिलामा देशको वस्तुगत परिस्थितिअनुरूप विकसित सैद्धान्तिक निष्कर्ष हो भने कार्यक्रम त्यसको अभिव्यक्ति हो । पार्टी त्यहि नीति तथा कार्यक्रमको आधारमा नै परिचालित हुने गर्दछ । पार्टीको कार्यक्रम आम र ठोस दुई प्रकृतिका हुन्छन् । आम कार्यक्रम पार्टीको रणनीतिक लक्ष्य प्राप्तिको मार्गचित्र हो, जुन पार्टी सत्तारुढ हुँदा त्यसको मार्गदर्शक बन्दछ भने पार्टी विपक्षमा हुँदा सङ्घर्षको माग र मुद्दा बन्दछ । पार्टीले क्रान्ति र परिवर्तनका प्रत्येक मोडहरू तथा निर्वाचनमा सहभागी भइरहँदा परिस्थितिसापेक्ष हुने गरी ठोस कार्यक्रम प्रस्तुत गर्नु पर्दछ । अहिले हामी सङ्घीय गणतन्त्रात्मक व्यवस्थालाई सुदृढ गर्दै शान्तिपूर्णरूपमा नेपाली विशेषताको समाजवाद निर्माणको दिशामा अघि बढिरहेका छौँ, जसलाई हामीले सङ्घीय समाजवादको रूपमा व्याख्या गरेका छौँ । त्यसैले हाम्रो पार्टीको लक्ष्य सङ्घीय समाजवादी गणतन्त्रको स्थापना हो । पार्टीका नीति तथा कार्यक्रमहरू त्यसैतर्फ उन्मुख हुनु पर्दछ ।

**२. नेपाली समाज**

**२.१ समाजको चरित्र निरुपण गर्ने आधार**

समाज व्यक्तिहरूको पारस्परिक सम्बन्धको समष्टि हो । कुनै पनि समाज सामाजिक चेतनाका ती सबै रूपहरूको समुच्चय हो, जुन सामाजिक विविधता, सामाजिक सम्बन्धहरू, विभिन्न वर्ग तथा समुदायहरूबिचको आपसी एकता र सङ्घर्षको आधारमा उत्पन्न र विकसित भएको हुन्छ । नेपाली समाज पनि त्यसरी नै विकसित भएको छ । जाति, भाषा, धर्म, संस्कृतिको दृष्टिले नेपाली समाज बहुलतायुक्त रहेको छ तर यहाँका विभिन्न जाति/समुदायहरूको विकासको स्तर समान रहेको छैन । राज्यसत्तामा पहुँच भएका र नभएका समुदायहरूबिच विकासको स्तरमा धेरै भिन्नता रहेको छ । त्यसरी नै उत्पादनका साधनहरू आफ्नो स्वामित्वमा भएका र नभएकाहरूबिच पनि विकासको स्तरमा भिन्नता रहेको छ । सामान्यत कुनै पनि समाजमा त्यहाँ प्रचलित उत्पादन पद्धति, उत्पादनका साधनमाथिको स्वामित्व र उत्पादन सम्बन्धले समाज विकासको स्तर निर्क्योल गर्दछ भने उत्पादक शक्ति र उत्पादनका साधनबिचको सम्बन्धले त्यहाँको समाजको गतिशीलता र मानव जीवनलाई प्रभावित गरेको हुन्छ ।

आजको विश्वमा सामन्तवाद समाप्तिको दिशामा छ भने पुँजीवाद हावि भइरहेको छ । पुँजीवादी व्यवस्थामा उत्पादक शक्तिलाई उत्पादनका साधनहरूबाट अलग्याइएको हुन्छ, जसले समाजमा मेहनतकस जनता गरिवी र अभावमा बाँच्नुपर्ने अवस्था सृजना हुन्छ । नेपालका श्रमजीवी वर्ग र अधिकांश उत्पीडित समुदायहरू उत्पादनका साधनहरूबाट वञ्चित छन् । यस्तो उत्पादन पद्धतिलाई बदलेर उत्पादक शक्तिकै हातमा उत्पादनका साधनहरू भयो भने त्यसले उत्पादकत्व वृद्धि गर्दछ र समाजको विकासमा टेवा पुऱ्याउँछ । समाजवादी अर्थराजनीतिक दृष्टिकोणले हेर्दा समाजको चरित्र निरूपण गर्ने आधारभूत तत्व उत्पादन पद्दति हो । नेपालमा सन् २००६ (२०६२/६३) को शान्तिपूर्ण जनक्रान्तिपछि राज्यको उपरी ढाँचा पुँजीवादी बनेको छ, उत्पादन पद्दति पनि आधारभूतरूपमा पुँजीवादी नै छ । हिजो सामन्तीको स्वामित्वमा रहेको जमीन अहिले विस्तारै उद्योग, कलकारखाना, फर्म आादि चलाउने उद्देश्यले पुँजीपतिको हातमा केन्द्रित हुन पुगेको छ । त्यसैले यहाँको उत्पादन सम्बन्ध पनि मूलत: पुँजीवादी बनेको छ । तर ग्रामिण क्षेत्रमा पुरानो सामन्ती उत्पादन सम्बन्धका अवशेषहरू अहिले पनि कायमै छन् ।

**२.२ फेरिंदै गएको नेपालको सामाजिक-आर्थिक व्यवस्था**

समाजको चरित्रले क्रान्तिको चरित्र र परिवर्तनको बाटो निश्चित गर्दछ । नेपाली समाज अहिले पुँजीवादको प्रारम्भिक चरणमा रहेको छ । सन् १९५१ (२००७) को परिवतइनपछि बिर्ता उन्मूलन, मोहियानी हक र भूमि सुधारका कार्यक्रमले सामन्तवादका रूपहरू फेरिँदै गए । राजतन्त्रको अन्त्यले देशको सामाजिक आर्थिक व्यवस्थामा रहेको पुँजीवादको प्रभावलाई फराकिलो बनायो । सिँगो अर्थतन्त्रको अवस्थालाई हेर्दा पछिल्लो १० वर्षमा देशको कूल गार्हस्थ उत्पादनमा २६.४ प्रतिशत कृषि क्षेत्रको, १३.६ प्रतिशत सङ्गठित उद्योगहरूको र ६०.० प्रतिशत सेवा उद्योगहरूको योगदान रहेको थियो । अहिले सेवा क्षेत्र (ज्ञानमा आधारित उद्योगहरूसमेत) को योगदान बढेर ६२.४ प्रतिशत पुगेको छ भने औद्योगिक क्षेत्रको १२.९ प्रतिशत र कृषि क्षेत्रको घटेर २४.७ प्रतिशतमा सीमित भएको छ । विज्ञान र प्रविधिको विकाससँगै अहिले ज्ञानमा आधारित उद्योगहरू विकसित भएका छन् । अर्थतन्त्रमा यसको योगदानको प्रतिशत कति छ भन्ने तथ्याङ्क हालसम्म अलग उपलब्ध छैन ।

नेपाल कृषि प्रधान देश भए पनि कूल गार्हस्थ उत्पादनमा सेवा क्षत्रको योगदान उच्च रहेको छ । कूल कृषि योग्य भूमिको ५९ प्रतिशत भूमिमा सिँचाइ सुविधा पुगेको छ । तर सिँचाइ सुविधा पुगेको जमीनमा पनि बाऱ्है महिना सिँचाइ सुविधा छैन । कृषि प्राथमिकताको क्षेत्र भए पनि यस क्षेत्रमा भएको लगानी प्रतिफलमुखी बन्न सकेको छैन । औद्योगिक क्षेत्रमा सरकारी लगानीको अवस्था कमजोर छ । चालु आ.व. २०८१/८२ मा स्थीर पुँजीको आकार कूल गार्हस्थ उत्पादनको २४.०७ प्रतिशत मात्र रहेको छ । त्यसमा ६०.८ प्रतिशत हिस्सा निजी क्षेत्रको छ । विगत ५ वर्षमा सरकारको पुँजीगत बजेट करिब २१ प्रतिशत मात्र रहेको छ । नेपालमा पुँजीगत खर्चभन्दा बढी वित्तीय व्यवस्थापनमा बजेट खर्च हुन थालेको छ । आ व २०८०/८१ मा पुँजीगत खर्च यथार्थमा जम्मा १ खरब ९२ अरब मात्र भयो भने ऋणको साँवा व्याज भुक्तानीमा २ खरब ७२ अरब खर्च भयो । यो वर्षको बजेटमा पुँजीगत खर्च ४ खरब ७ अरब अर्थात कूल बजेटको २०.८ प्रतिशत मात्र पुँजीगत बजेट विनियोजन भएको छ भने ऋणको साँवा व्याज भुक्तानीकै लागि मात्र ३ खरब ५७ अरब अर्थात १९.१ प्रतिशत छुट्याइएको छ । छुट्याएको पुँजीगत खर्च पनि खर्च गर्न नसकेको विगतको अनुभव हेर्दा यो वर्ष पनि पुँजीगत खर्चभन्दा बढी वित्तीय व्यवस्थापनमा नै बजेट खर्च हुने निश्चित छ ।

नेपालमा राजस्वले चालु खर्चसमेत धान्न सकेको अवस्था छैन । सङ्घीय बजेटमा चालु खर्चभन्दा राजस्व बढी उठ्ने प्रक्षेपण गर्ने गरे पनि यथार्थमा त्यसो हुन सकेको छैन । आ.व. २०८०/८१ मा सङ्घीय राजस्व करिव ९ खरब २९ अरब ४ करोड मात्र उठेको छ भने चालु खर्च ९ खरब २९ अरब १२ करोड छ । चालु आ.व. २०८१/८२ मा रु १२ खरब ६७ अरब राजस्व उठ्ने संशोधित अनुमान गरेकोमा फागुनसम्ममा ६ खरब ३१ अरब मात्र राजस्व उठेको छ । यस्तो अवस्थामा आ.व. २०८२/८३ मा राजस्व रु १३ खरब १५ अरब उठ्ने प्रक्षेपण गर्नु आत्मतुष्टिभन्दा केही होइन । नेपालमा कूल गार्हस्थ उत्पादनमा राजस्वको हिस्सा पनि कम नै छ । आ. व. २०८०/८१ मा कूल कर राजस्व कूल गार्हस्थ उत्पादनको १६.५ प्रतिशत मात्र छ भने चालु आर्थिक वर्षमा केही बृद्धि भई १६.९ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ । कूल कर राजस्वमा लगभग ३० प्रतिशत योगदान रहेको मूल्य अभिवृद्धि करको लगभग ५५ देखि ६० प्रतिशत भन्सार बिन्दुबाट उठ्ने गरेको छ, जुन आयातमा आधारित छ भने उत्पादनमा आधारित आन्तरिक मूल्य अभिवृद्धि करबाट ४० प्रतिशतको हाराहारीमा मात्र उठ्ने गरेको छ । आ.व. २०८०/८१ मा यो अनुपात ५८: ४२ रहेको छ ।

नेपालको व्यापार पनि असन्तुलित रहेको छ । वस्तु निर्याातले आयातको १३.७ प्रतिशत मात्र धान्न सकेको छ । आ.व. २०८०/८१ मा १४ खरब ४३ अरब घाटा भएको छ, जसमध्ये करिव ६४.८ प्रतिशत घाटा भारतसँग मात्र छ भने चालु आ.व. २०८१/८२ मा करिव १४ खरब ९५ अरब ब्यापार घाटा हुने प्रक्षेपण गरिएको छ । हाम्रो देशको झन्डै ६३ प्रतिशत व्यापार भारतसँगै हुने गरेको छ । भारतबाट आ.व. २०८०/८१ मा पेट्रोलियम पदार्थ मात्र २ खरब ९७ अरब बराबरको आयात भएको छ । सबैभन्दा बढी आयात हुने पेट्रोलियम पदार्थले आयातको लगभग २२ प्रतिशत हिस्सा ओगट्न थालेको छ भने कृषि प्रधान देशमा कृषिजन्य पदार्थको आयातसमेत १४ प्रतिशतभन्दा बढी रहेको छ । त्यसरी नै फलाम, स्टील र सवारी साधन तथा पाटपुर्जा पनि उलेख्य मात्रामा आयात हुने गरेको छ । नेपालमा कूल गार्हस्थ उत्पादनमा उपभोगको अंश ९३ प्रतिशतभन्दा बढी रहेको छ भने कूल उपभोगको ८३ प्रतिशत आयात हुन्छ । देशको आफ्नै उत्पादनले १७ प्रतिशत उपभोगलाई मात्र धान्न सकेको छ । कूल आयातमध्ये ७० प्रतिशत भारत र १० प्रतिशत चीनबाट हुन्छ । बाँकी २० प्रतिशत आयात मात्र बाँकी विश्वसँग हुने गर्दछ ।

नेपालमाथि सार्वजनिक ऋणको भार वर्षेनी चुलिँदै गइरहेको छ । आ.व. २०८०/८१ मा सार्वजनिक ऋण २४ खरब ३४ अरब थियो भने चालु आ.व. २०८१/८२ मा बढेर २६ खरब ७६ अरब पुग्ने प्रक्षेपण गरेको छ । चालु आ.व.मा नेपालको प्रक्षेपित जनसङ्ख्या ३ करोड ०१ लाखको हिसावले हाल नेपालको प्रतिव्यक्ति ऋणको भार रु ८८९०० रहेको छ । निरपेक्ष गरिबीको रेखामुनी रहेको जनताको सङ्ख्या भने अहिले नेपालमा घट्दै गइरहेको छ । गत १५ वर्षमा गरिवीको रेखामुनी रहेका जनताको सङ्ख्या १० प्रतिशतले घटेको छ । यसको मुख्य कारण समावेशी राज्यसत्ताको निर्माण, गरिव लक्षियत कार्यक्रमहरू तथा सामाजिक सुरक्षा र संरक्षण हो । अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रति व्यक्ति प्रति दिन १.९ डलरभन्दा कम आय भएका व्यक्तिहरूलाई गरिबीको रेखामुनी रहेको मानिन्छ । त्यसअनुसार हाल नेपालमा २०.३ प्रतिशत जनता गरिबीको रेखामुनी छन् ।

नेपालमा अहिले पनि ६० प्रतिशत जनताको औपचारिक पेसा कृषि हो । तर नेपालको कृषियोग्य जमीनहरूमा एग्रिकल्चर रोबोटिक्सहरू प्रयोग गरी कृषि उत्पादन बृद्धि गर्न सकिएको छैन । कोविडले थलिएको पर्यटन उद्योगहरू भने फष्टाउन थालेका छन् । सन् २०२४ मा नेपालमा झन्डै ११ लाख ५० हजार पर्यटकहरू भित्रिएका छन् । यो आजसम्मको इतिहासमा सबैभन्दा बढी हो । श्रम शक्तिको हिसावले कूल गार्हस्थ उत्पादनमा २५ प्रतिशतभन्दा कम हिस्सा मात्र ओगट्ने कृषि क्षेत्रमा अझै पनि ६० प्रतिशत श्रमशक्ति संलग्न हुनु देशको अर्थव्यवस्थाका लागि राम्रो सङ्केत होइन । श्रमशक्तिको हिसावले अहिले उद्योग धन्दामा ८ प्रतिशत र सेवा तथा अन्य क्षेत्रमा ३२ प्रतिशत मात्र रहेको छ । नेपालमा अहिले आर्थिकरूपले सक्रिय श्रमशक्ति सहभागिताको दर ३८.५ प्रतिशत रहेको छ । यसले नेपालमा उत्पादनका कृयाकलापहरू कमजोर रहेको तथा श्रमशक्ति खेर गइरहेको देखाएको छ ।

यो वर्ष नेपालमा विप्रेषण आप्रवाह झन्डै २७ प्रतिशत बढ्नु, सोधनान्तर स्थिति रु १ खरब ५० अरब रूपैंयाले सकारात्मक रहनु, विदेशी मुद्राको सञ्चिति झन्डै १५ महिनाको आयात धान्न सक्ने अवस्थामा पुग्नुले अर्थतन्त्रको वाह्य क्षेत्र सुधार भएको देखिएको छ । विप्रेषण बढेकाले चालु आर्थिक वर्षमा विदेशी विनीमयको सञ्चिति रु २४ खरब ९ अरब पुगेको छ भने सोधनान्तर वचत रु ३ खरब ३६ करोड रहेको छ । आ. व. २०८०/८१ मा विप्रेषणले मात्र कुल गार्हस्थ उत्पादनको २५.३२ प्रतिशत हिस्सा ओगटेको थियो भने आ. व. २०८१/८२ मा विप्रेषणले कुल गार्हस्थ उत्पादनको २५.८९ प्रतिशत हिस्सा ओगट्ने प्रक्षेपण गरिएको छ । आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन-आईओएमका अनुसार नेपालका आधाभन्दा बढी घरपरिवारमा कम्तिमा १ जना वैदेशिक रोजगारीमा संलग्न छन् वा विदेशबाट फर्किएका छन् । नेपालको श्रम वजारमा वार्षिकरूपमा प्रवेश गर्ने करिव ५ लाख श्रमशक्ति मध्ये दैनिक झन्डै १ हजार जना वैदेशिक रोजगारीमा जाने गरेका छन् । नेपालभित्र सरकारी र गैर सरकारी दुवै गरी १ लाखभन्दा बढीले रोजगारी पाउन सकेका छैनन् । नेपालको राष्ट्रिय तथ्याङ्क कार्यालयको जीवनस्तर सर्भे २०७९/८० का अनुसार विप्रेषणबाट जीवन निर्वाह हुने परिवारको सङ्ख्या ७६.८ प्रतिशत छ । यी तथ्याङ्कहरूले नेपालको सामाजिक-आर्थिक दूरावस्थालाई चित्रण गरेको छ ।

भूमिमा रहेको स्वामित्व र उत्पादन सम्बन्धको दृष्टिले हेर्दा राणा शासन र त्यसभन्दा अगाडि नेपालको सामन्तवाद मुलत: सामन्त र भूदासबिचको सम्बन्धको रूपमा थियो भने अहिले अधिया र कूत प्रथामा आधारित छ । यहाँको कृषि अर्थतन्त्र औद्योगीकरण नभए पनि श्रमको प्रकृति अत्यधिक हिस्सामा पुँजावादी ज्याला प्रणालीमा आधारित छ । नेपालका करिव ८७ प्रतिशत परिवारसँग जमीन रहेको छ । जमीनमाथिको स्वामित्वको हिसावले ३ हेक्टर (करिव ५९ रापनी) भन्दा बढी जमीन भएका नेपालका ४.४ प्रतिशत धनी व्यक्तिको हातमा कूल खेतीयोग्य जमीनको २२.२ प्रतिशत जमीन छ भने आधा हेक्टरभन्दा कम जमीन रहेका ५२.७ प्रतिशत किसानहरूको हातमा १८.५ प्रतिशत मात्र जमीन रहेको छ । यसले नेपालमा जमिन्दारी प्रथा कमजोर र धेरैजसो किसानहरू गरिव भएको देखाउँछ । नेपालमा अहिले साना किसानहरू विस्थापन तथा सीमान्तकृत किसान र मोहीहरू बेदखली हुँदै गइरहेको अवस्था छ ।

नेपालमा २००८ सालको पहिलो बजेटमा मालपोतबाट मात्रै देशको कुल राजस्वको ६२ प्रतिशतभन्दा बढि राजस्व उठेको देखिन्छ । तर अहिले मालपोतबाट हुने आम्दानी २ प्रतिशत पनि छैन । यहाँ पुँजीवादी सेवा उद्योगहरू उल्लेख्य मात्रामा विस्तार भएका छन् जसको कूल गार्हस्थ उत्पादनमा योगदान ६० प्रतिशतभन्दा बढी पुगेको छ । सानो परिणामको पुँजीवादी सामाजिक, आर्थिक उत्पादन सम्बन्ध गाउँ गाउँमा समेत विस्तार हुँदै गएको छ । यसबाट नेपालको अर्थतन्त्र पुँजीवादी दिशामा गइरहेको स्पष्ट हुन्छ । तर यहाँ औद्योगिक पुँजीको विकास हुन सकेको छैन । यहाँको पुँजीवाद राष्ट्रिय चरित्रको, औद्योगिक वा उद्यमशीलभन्दा पनि कमिशनमुखी, सट्टावाजी र अनुत्पादक प्रकृतिको छ । नेपालमा सत्ता, नीति निर्माण र व्यवसायिक शक्तिबिचको साँठगाँठबाट अनुदान, ठेक्का तथा कर-नीति निर्माणमार्फत केही सीमित व्यक्ति र समूहहरू लाभान्वित हुने व्यवस्था मौलाउँदै गएको छ । पहुँच र सम्बन्धको आधारमा राजनीतिज्ञ र व्यवसायीहरूबिचको मिलोमत्तो, नीतिगत भ्रष्टाचार, सत्ताको दुरूपयोग तथा विनाउद्यमशीलता सम्पत्ति आर्जन गर्ने प्रवृत्ति बढ्दो छ । सत्तानिकटका पहुँचवालाहरू, कमिशनखोर तथा एकाधिकार पुँजीपति वर्गले आर्थिक प्रणालीमा प्रभुत्व जमाइरहेका छन् । यस्तो प्रवृत्तिलाई वर्तमान वैश्विक अर्थशास्त्रीय भाषामा बिचौलिया पुँजीवाद (Crony Capitalism) भन्न थालिएको छ । यस्तो प्रकृतिको संरचनात्मक विकृति भएको पुँजीवाद देशको समावेशी विकास, समतामूलक समृद्धि र समाजवादी मुलुक निर्माणका लागि बाधक बन्दै गएको छ ।

**२.३ सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि देशको फेरिएको स्थिति**

माथि हामीले नेपालको अर्थतन्त्रको एक झलक बिबेचना गऱ्यौँ । मुलुकमा संङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको अहिले १७ वर्ष पूरा भएको छ । राज्यसत्तामा पटकपटक पुगेका दलहरूको अकर्मन्यता, भ्रष्टाचार, कुशासनका कारण केही पुर्नउत्थानवादी र नवसम्बर्द्धनवादी तत्वहरू सल्बलाउन थालेका छन् । अहिलेको व्यवस्थामा शासकहरूद्वारा केही कमजोरीहरू भएको सत्य हो । तर यसको विकल्प प्रतिगमन होइन, अझ उन्नत स्तरको सङ्घीय गणतन्त्रात्मक व्यवस्था हो, सङ्घीय समाजवादी गणतन्त्र हो । माथि उल्लेख गरिए झैँ नेपालका अर्थतन्त्रमा केही नकारात्मक प्रवृत्तिहरू रहे पनि यस अवधिमा विगतको तुलनामा अर्थतन्त्रमा धेरै सकारात्मक प्रवृत्तिहरू देखा परेका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि देशको आर्थिक तथा सामाजिक क्षेत्रमा हासिल भएका उपलब्धिहरूको एक झलक तल उल्लेख गरिएको छ :

आर्थिक वर्ष २०६४/६५ मा रु. ८ खर्ब १५ अर्ब रहेको कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्ष रु. ६१ खर्ब ७ अर्ब पुगेको छ । प्रति व्यक्ति राष्ट्रिय आय अमेरिकी डलर ४ सय ९१ बाट बढेर १ हजार ५ सय १७ पुगेको छ । विद्युत उत्पादन ७ सय मेगावाटबाट ३ हजार ६ सय २ मेगावाट पुगेको छ । यसबिच नेपालको जनसङ्ख्यामा विद्युत सेवाको पहुँच ५६.१ प्रतिशतबाट बढेर ९९ प्रतिशत पुगेको छ भने आधारभूत खानेपानीको पहुँच ४५ बाट बढेर ९७ प्रतिशत जनसङ्ख्यामा पुगेको छ । २०६५ सालमा कालोपत्रे सडक ५ हजार ४ सय किलोमिटर रहेकोमा हाल १९ हजार १ सय ६३ किलोमिटर रहेको छ । ६१ जिल्ला सडक सञ्जालमा जोडिएकोमा हाल मुलुकका सबै जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएका छन् । मुलुकमा सबै स्तरका गरी १ लाख ५ हजार किलोमिटर सडक रहेको छ । २०६५ सालमा वाणिज्य बैंकका ५९१ शाखा रहेकोमा हाल ५०८१ शाखा सञ्चालनमा रहेका छन् । अन्य वित्तीय संस्थाहरूसमेत जोड्दा ११५४३ पुगेको छ ।

२०६५ सालमा निरपेक्ष गरिबी ३०.८ प्रतिशत रहेकोमा हाल घटेर २०.३ प्रतिशत रहेको छ । त्यसैगरी मानव विकास सूचकाङ्क ०.५०५ बाट बढेर ०.६२२ कायम भएको छ । नेपालीको औसत आयु ६०.७ वर्षबाट बढेर ७१.३ वर्ष पुगेको छ । साक्षरता दर ५८ प्रतिशतबाट बढेर ७६.३ प्रतिशत पुगेको छ । २०६४ सालमा शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा ४८ रहेकोमा हाल २८ मा झरेको छ । त्यसैगरी पाँच वर्ष मुनिको बाल मृत्युदर प्रतिहजार ६१ बाट ३३ मा र मातृ मृत्युदर प्रतिलाख २८१ बाट १५१ मा झरेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापश्चात मुलुकमा स्रोत र साधनको असमान वितरण पनि क्रमश: घट्दै गएको छ । स्रोत र साधनको असमान वितरणको मापकको रूपमा गरिने जीवनस्तर सर्वेक्षण जिनी सूचकाङ्क अनुसार नेपालको जिनी सूचकाङ्क २०६०/६१ म ०.४१ रहेकोमा हाल ०३.० कायम भएको छ ।

मुलुकमा २०६२/६३ सालको जनक्रान्तिपश्चात सङ्घीयता, समानुपातिकता र समावेशिताको नीति अवलम्बन भएपश्चात उत्पीडित समुदायहरूको पनि राज्यमा पहुँच बढ्दै गएको छ । नेपालमा सङ्घवादको सिद्धान्तलाई सहीरूपमा प्रयोग गरिएको भए यस क्षेत्रमा पनि आधारभूतरूपले नै प्रगति हुन सक्थ्यो । तर त्यसो हुन नसक्दा पनि केही उपलब्धिहरू भने हासिल भएका छन् ।

सङ्घीय व्यवस्थाको स्थापनापश्चात राज्यका विभिन्न अङ्गहरूमा महिलालगायत सीमान्तकृत समुदायको सहभागितामा उल्लेखनीय वृद्धि भएको छ । सङ्घीय व्यवस्था स्थापना हुनुपूर्व २०५६ सालमा भएको पछिल्लो आम निर्वाचनमा तत्कालीन प्रतिनिधि सभामा महिला प्रतिनिधित्व ५.० प्रतिशत मात्र थियो भने २०७९ सालको प्रतिनिधि सभा निर्वाचनमा महिलाको प्रतिनिधित्व ३३.१ प्रतिशत रहेको छ । त्यसरी नै २०५४ सालमा भएको निर्वाचनबाट स्थानीय निकायमा महिलाको प्रतिनिधित्व ११.८ प्रतिशत मात्र रहेकोमा स्थानीय तहको पछिल्लो निर्वाचनमा ४१.२ प्रतिशत पुगेको छ । त्यसरी नै निजामती सेवामा महिलाको सहभागिता १२ प्रतिशत रहेकोमा हाल २९.२ प्रतिशत पुगेको छ । लैङ्गिक असमानता सूचकाङ्क ०.५३२ बाट सुधार भई ०.४५२ पुगेको छ । घरजग्गामा महिलाको स्वामित्व २३.९ प्रतिशत पुगेको छ । सरकारी सेवामा ४५ प्रतिशत आरक्षणको व्यवस्था भएपश्चात यस अवधिमा कूल निजामती कर्मचारी सङ्ख्या ८५८१२ जनामा महिला, आदिवासी जनजाति, मधेसी, शिल्पी/दलित, अपाङ्गता भएका र पिछडिएका क्षेत्रका गरी २५०९२ व्यक्ति निजामती सेवामा प्रवेश गरेका छन् । समानुपातिक समावेशीकरणको दृष्टिले यो व्यवस्था निश्चितरूपमा पनि अपुग रहेको छ, तर यसबाट नेपालका उत्पीडित समुदायहरू पनि सरकारी सेवामा पुगेका तथ्यलाई सकारात्मकरूपमा हेर्न जरुरी छ । नेपालमा पूर्ण समानुपातिक समावेशीकरणको व्यवस्था भएको भए यसमा थप सुधार हुन्थ्यो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि विभिन्न क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भए पनि विश्वको नयाँ लोकतान्त्रिक मुलुकहरूका तुलनामा हाम्रो विकासको गति तीव्र हुन सकेन । गुणस्तरीय पूर्वाधारको कमी, दक्ष जनशक्तिको न्यूनता तथा उत्पादन, उत्पादकत्व र रोजगारीमा अपेक्षित वृद्धि हुन नसकेका कारण आर्थिक वृद्धिदर सन्तोषजनक छैन । अर्थतन्त्रमा सार्वजनिक र निजी लगानी खुम्चिएको, सार्वजनिक वित्तमा असन्तुलन बढ्दै गएको, सार्वजनिक ऋण व्यवस्थापन खर्च बढ्दै गएको र पुँजीगत खर्च गर्ने क्षमता घट्दै गएको कारण अर्थतन्त्रमा चुनौति रहिरहेकै छ । विश्वमा सूचना प्रविधिमा आएको क्रान्ति, कृत्रिम बौद्धिकताको बढ्दो प्रयोग र ज्ञानमा आधारित अर्थतन्त्रको विकास भइरहेको सन्दर्भमा नेपालको अर्थतन्त्र पनि तद्नुरूप रूपान्तरणको आवश्यकता छ ।

विश्व मानचित्रमा नेपाल अहिले पनि अल्पविकसित देशहरूको समूहमा रहेको छ । विश्वको प्रति व्यक्ति आय अहिले कूल गार्हस्थ उत्पादनमा करिव १२००० डलर पुगेको छ, तर नेपालको भने १५१७ डलर मात्र रहेको छ । यस्तो परिस्थितिमा दिगो विकास लक्ष्य हासिल गर्ने प्रतिवद्धताअनुरूप नेपालले सन् २०३० भित्र प्रतिव्यक्ति आय २५०० डलर पुऱ्याउन कठीन छ । त्यसरी नै गरिवीको रेखामुनी रहेको जनता २०.३ प्रतिशत रहेको छ । यसलाई ८ प्रतिशतमा झार्ने लक्ष्य पनि पूरा हुन गाऱ्हो छ । त्यसरी नै कूल गार्हस्थ उत्पादनमा राजस्वको हिस्सा हाल करिव २२ प्रतिशत मात्र रहेको छ । दिगो विकास लक्ष्यअनुसार यसलाई ३० प्रतिशशत पुऱ्याउन पनि कठिन छ । तर विद्युत, खानेपानी आदिमा जनताको पहुँच, शिक्षा, स्वास्थ्य क्षेत्रको मापदण्ड, सामाजिक सुरक्षा, लैङ्गिक असमानताका सूचक सुधार गर्ने जस्ता विषयहरूमा भने समय अगाडि नै दिगो विकासको लक्ष्य पूरा हुने लक्षण देखापरेको छ । नेपालले लिएको लक्ष्यअनुसार सन् २०२२ भित्र अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती हुनुपर्नेमा चार वर्ष ढीला भई सन् २०२६ मा मात्र स्तरोन्नती हुने भएको छ । यस्तो परिस्थितिमा यथास्थितिमा सन् २०३० भित्र मध्यम आय भएको विकासशील मुलुकको स्तरमा पुग्ने लक्ष्य पूरा हुन सक्दैन । त्यसैले नेपालले पनि विश्वस्तरमा प्रतिस्पर्धी बन्न र देशलाई उच्च आय भएको विकसित मुलुकको दाँजोमा पुऱ्याउन कौशलयुक्त ज्ञान, सीप, नवप्रवर्तन र उद्यमशीलता बढाउन आवश्यक छ ।

**२.४ सूचना प्रविधिमा आएको क्रान्ति, कृत्रिम बौद्धिकताको बढ्दो प्रयोग र ज्ञानमा आधारित अर्थतन्त्र**

अहिलेको विश्व नयाँ औद्योगिक क्रान्ति (Ir-4) को युगमा प्रवेश गरेको छ । चौथो औद्योगिक क्रान्ति भन्नाले उत्पादन प्रविधिहरू र प्रक्रियामा स्वचालन र डेटा आदानप्रदानतर्फको प्रवृत्तिलाई जनाउँछ, जसमा साइबर-भौतिक प्रणालीहरू (Cyber-Physical Systems - CPS), इन्टरनेट अफ थिङ्स (IoT), क्लाउड कम्प्युटिङ, सङ्ज्ञानात्मक कम्प्युटिङ (Cognitive Computing) र कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence - AI) समावेश छन् । चौथो औद्योगिक क्रान्तिले कृत्रिम बुद्धिमत्ता र सूचनाको असीमित भण्डारण (Big Data) जस्ता डिजिटल प्रविधिहरूलाई उत्पादन र औद्योगिक प्रक्रियाहरूमा व्यापकरूपमा प्रयोग गरेको छ । यो क्रान्तिले उद्योग व्यवसायहरू सञ्चालनको तरिकामा आमूल परिवर्तन गरिरहेको छ, जसले गर्दा नयाँ स्तरको सम्बन्धन (Connectivity), स्वचालन र डेटामा आधारित सूचनात्मक निर्णयहरू (Data-driven Insights) सम्भव बनाएको छ ।

आजको विश्वमा कृत्रिम बुद्धिमताको विकासले मानिसको मस्तिस्कले गर्ने काम रोबोटले गर्न थालेको छ । चायट जिपिटी, रोबोटिक्स, थ्रीडी प्रिन्टिङलगायतका प्रविधिको विकासले मानिसले गर्ने शारीरिक श्रम मात्र होइन मानसिक श्रमको समयलाई समेत गुणात्मकरूपले घटाइ दिएको छ । मेसिनले मेसिनको सञ्चालनदेखि भौतिक, रासायनिक र गणितका अनगिन्ती समस्याहरूको समाधानमा समेत रोबोटले काम गर्न थालेका छन् । कृषिको यान्त्रिकिकरण, औद्योगिकरण र उत्पादनको वृद्धिमा एग्रिकल्चर रोबोटिक्सले महत्त्वपूर्ण भूमिका खेलिरहेको छ भने कृषि ड्रोनहरूले उत्पादन र परीक्षणमा प्रभाव पारिरहेका छन् । शिक्षा क्षेत्रमा एआई च्याटबोटले प्राकृतिक भाषा प्रोसेसिङको माध्यमबाट मान्छेले जस्तै कुरा गर्न सक्ने र स्वास्थ्य सुरक्षाका विविधि क्षेत्रमा द भिन्सी सर्जिकल सिस्टम, टेलिप्रिजेन्स रोबोट, डिपमाइन्ड हेल्थ जस्ता प्रविधिलगायतको अनुसन्धान र विकासले नयाँ फड्को मारेको छ । भौतिक पूर्वाधार विकासको क्षेत्रमा समेत नयाँ प्रविधिको विकासले निकै सहज, सरल, सुरक्षित, छिटो र छरितो बनाइदिएको छ । यी नवअन्वेषित प्रविधिका कारण श्रमको स्वरूप, श्रम सम्बन्ध र शोषणका स्वरूपमा अकल्पनीय परिवर्तन ल्याएको छ । अब त्यसको सामना पनि त्यहि ढङ्गले गर्न सक्नु पर्दछ ।

सूचना तथा प्रविधि क्षेत्रका ज्ञान उद्योगहरूको विकासले 'विश्व नै खल्तीमा' (World in Pocket) भन्ने अवधारणा साकार भएका छन् । विज्ञान प्रविधिका लाभहरूबाट विश्वको ठूलो जनसङ्ख्या लाभान्वित भएका छन् । केही मात्रामा नेपाल पनि लाभान्वित भएको छ । तर यसले विश्वमा धनी र गरिबबिचको खाडल फराकिलो पार्दै लगेको छ । अमेजन, माइक्रोसफ्ट, मेटा, गुगल, ट्विटर, यूट्यूब, टिकटक आदि ज्ञान उद्योगका मालिकहरू विश्वकै धनाढ्य बन्न पुगेका छन् । सूचना

*बाँकी पृष्ठ ६ मा*

# प्राविधिक शिक्षासँग जोड्न विद्यार्थीलाई ल्यापटप वितरण

महोत्तरी । जिल्लाको मटिहानी नगरपालिका वडा नं. ८ मा रहेको श्री राम माध्यमिक तथा प्राविधिक विद्यालयमा अध्ययनरत कक्षा ११ का २७ जना प्राविधिक धारका विद्यार्थीहरूलाई ल्यापटप वितरण गरिएको छ।

शैक्षिक सत्र २०८१ मा प्राविधिक शिक्षामा नामाङ्कन गरिएका विद्यार्थीहरूलाई प्रविधिसँग जोड्ने उद्देश्यले उक्त ल्यापटप गरिएको हो।

उक्त ल्यापटप वितरण कार्यक्रम महोत्तरी क्षेत्र नं. ३ का प्रतिनिधिसभा सांसद एवं लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले संयुक्त रूपमा वितरण गरेका छन् ।

पालिकाका अनुसार नगरपालिकाको नगरस्तरीय योजना अन्तर्गत जोरकोषमा आधारित डेल कम्पनिका इन्टेल आई ५, १३औं जेनेरेशनका ल्यापटप विद्यार्थीहरूलाई प्रदान गरिएको हो।



ल्यापटप प्राप्त गरेका छात्र असजद राजाले, "हामीलाई अब अनलाइन कक्षा गर्न सजिलो हुने, साथै प्राविधिक विद्यार्थी भएकाले कोडिङजस्ता अभ्यासमा पनि सहजता हुने" भन्दै पालिका परिवारप्रति आभार व्यक्त गरे।

त्यस्तै छात्रा काजल ठाकुरले पनि प्राविधिक विषयमा अभ्यास गर्न सजिलो हुने र अध्ययनमा सहयोग पुग्ने भन्दै खुशी व्यक्त गरिन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले विज्ञान र प्रविधिको युगमा विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा जोड्नु भनेको देशको दक्ष जनशक्ति निर्माणमा सहयोग पुग्ने ठोस आधार भएको बताए ।

शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले यस्तो प्रविधिमैत्री पहलले विद्यार्थीहरूलाई व्यवहारिक शिक्षातर्फ आकर्षित गर्ने बताउँदै विद्यालय र नगरपालिकाको सहकार्यमा अझ प्रभावकारी योजना अगाडि बढाउने आश्वासन दिइन् ।

नगर प्रमुख हरिप्रसाद मण्डलले, "यो ल्यापटपले प्राविधिक धारका विद्यार्थीलाई प्रविधिसँग जोड्ने कोसेढुङ्गाको काम गर्नेछ" भन्ने विश्वास व्यक्त गरे ।

सांसद तथा लोसपाका अध्यक्ष महन्थ ठाकुरले भने, "देशको विकासका लागि युवाहरूलाई प्राविधिक शिक्षामा अगाडि बढाउनु आवश्यक छ। ल्यापटप वितरण जस्ता कार्यक्रमले विद्यार्थीमा नयाँ सोच र उत्साह थप्नेछ।"

कार्यक्रममा मधेश प्रदेश सरकारकी शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी, प्रदेश सभाका नेता जैनुल राइन, महोत्तरीका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसाल, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक हेरम्ब शर्मा, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका उप-अनुसन्धान निर्देशक चन्दन झा, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, वडा नं. ३, ४, ६, ७, ८ र ९ का वडा अध्यक्षहरू, या.ल.ना. विद्यापीठका प्राचार्य हेम नारायण कर्ण, पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेश दास, महोत्तरी उद्योग वाणिज्य संघका उपाध्यक्ष अजय कुमार साह, पूर्व अध्यक्ष मोहन प्रसाद गुप्ता, कार्यपालिका सदस्य, वडा सदस्यहरू, लोसपाका नगर अध्यक्ष श्याम कुमार मण्डल, नेकपा माओवादीका उमा शंकर साह, नेकपा एमालेका जुगेश्वर खतवे, विभिन्न शाखाका प्रमुखहरू, अभिभावक, विद्यार्थीहरू लगायतको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रमले मटिहानी नगरपालिकाले शिक्षा र प्रविधिमा दिएको प्राथमिकताको उदाहरण प्रस्तुत गरेको छ।

## वैदेशिक रोजगारबाट फर्केर स्वदेशमा उद्यम गरिरहेकालाई सम्मान तथा पुरस्कार

काठमाडौं । वैदेशिक रोजगारबाट स्वदेश फर्की नेपालमा उद्यम गरी बसेका उद्यमी, व्यवसायीहरुलाई राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण गरिएको छ ।

मंगलबार सिंहदरबारस्थित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आयोजित सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा मन्त्री शरतसिंह भण्डारी र मन्त्रालयका सचिव डा.कृष्णहरि पुस्करले संयुक्तरुपमा सम्मान तथा पुरस्कार प्रदान गरेका हुन् ।

सातै प्रदेशबाट एक-एक जना र देशभरिबाटै एक जना उत्कृष्ट गरी आठजनालाई राष्ट्रिय उद्यम पुरस्कार वितरण गरिएको हो ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै श्रममन्त्री भण्डारीले वैदेशिक रोजगारको बाध्यात्मक अवस्थालाई अन्त्य गर्न आन्तरिक रोजगारको प्रवर्द्धन गर्न जरुरी रहेको बताएका छन् । उनले वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरी बसेका उद्यमी, व्यवसायीहरुलाई राष्ट्रिय सम्मान तथा पुरस्कार वितरण गर्दै उनले यस्तो बताएका हुन् ।

उनले नेपाल सरकारले आन्तरिक रोजगारलाई नै मुलुकको आर्थिक गतिविधिको आधार मान्दै आएको बताउँदै वैदेशिक रोजगारको बाध्यात्मक अवस्थालाई अन्त्य गर्न आन्तरिक रोजगारको प्रवर्द्धन गर्ने कुरालाई ध्यान दिएर आगामी दशकलाई आन्तरिक रोजगार प्रवर्द्धन दशकका रुपमा मनाउने निर्णय गरिएको बताए ।

रोजगारको आवश्यकताअनुसारको सीपको व्यवस्था गर्न निजी क्षेत्रलाई समेत समेटेर सरकार अघि बढेको जानकारी दिए ।

मन्त्री भण्डारीले विदेशबाट फर्किएका नागरिकको सीप र पुँजीलाई प्रयोग गरेर देशलाई समृद्ध बनाउनेतर्फ सरकार अघि बढेको बताए ।

यस्तै, श्रम सचिव डा.पुस्करले वैदेशिक रोजगारी पलायन नभई एउटा अवसर रहेको बताएका छन् । उनले स्वेच्छिक वैदेशिक रोजगार राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड रहेको समेत जिकिर गरे ।

## चिहानस्थलबाट फर्किन बाध्य पारिनु पाशविकता हो : पूर्वगृह राज्यमन्त्री अन्सारी



काठमाडौं । ईसाई धर्मावलम्बी भएकै कारण दोलखा जिल्लाको बैतेश्वर गाउँपालिका-८ मा एक मृतकको शव सामुदायिक वनमा दफन गर्न नदिइ जबरजस्ती फर्काइएको घटना सार्वजनिक भएपछि नेपाल संघीय समाजवादी पार्टीले गहिरो दुख, आक्रोश र आपत्ति जनाएको छ ।

पार्टीका केन्द्रीय अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री मो. रिजवान अन्सारीद्वारा जारी प्रेस विज्ञप्तिमा यो घटनालाई अत्यन्त अमानवीय, धर्मनिरपेक्ष नेपालको संविधान र मानव अधिकारको आत्मासँग खेलवाड गरिएको भन्दै कडा शब्दमा भर्त्सना गरिएको छ । विज्ञप्तिमा भनिएको छ, "कसैको मृत्यु आफैंमा गहिरो पीडा हो। त्यसमा पनि धर्मकै कारण अन्त्येष्टि गर्न नदिइनु, परिवारलाई चिहानस्थलबाट फर्किन बाध्य पारिनु – यो केवल संवेदनहीनता होइन, यो पाशविकता हो।"

पार्टीका अनुसार, यस प्रकारको व्यवहारले नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र धर्मनिरपेक्ष मुलुकको मर्म र आत्मा माथि चोट पुऱ्याएको छ । मृतकको धर्म, संस्कार र विश्वासअनुसार अन्त्येष्टि गर्न पाउनु प्रत्येक नागरिकको मौलिक अधिकार हो। तर यो घटनाले त्यस अधिकारमाथि नै निर्दयी प्रहार गरेको छ। नेपाल संघीय समाजवादी पार्टीले सो घटनालाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा लाजमर्दो कालो धब्बा भन्दै दोषीलाई तुरुन्त पहिचान गरी कानुनी दायरामा ल्याई कडा कारबाही गर्न माग गरेको छ ।

"समाजमा धार्मिक सहिष्णुता, सहअस्तित्व र सम्मान कायम गर्न चाहने हामी सबैले यो घटनाप्रति एकबद्धरूपमा आवाज उठाउनु आवश्यक छ। मृतकको आत्मालाई सम्मान दिन सकिएन भने हाम्रो मानवता नै खतरामा पर्छ।" विज्ञप्तिमा भनिएको छ ।

नेपाल संघीय समाजवादी पार्टीले सो पीडादायी घटनाले सम्पूर्ण ईसाई समुदायलाई अपमानित गरेको उल्लेख गर्दै, यस प्रकारको विभेद अन्त्य गर्न स्थायी कदम चाल्न सरकारसँग जोडदार माग गरेको छ । पार्टीले शोकमा डुबेका पीडित परिवारप्रति गहिरो सम्वेदना प्रकट गर्दै र दिवंगत आत्माको चिर शान्ति कामना गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको छ ।

## 'चीनले समयमै अलर्ट जारी गरेको भए जनधनको क्षति न्यून गर्न सकिन्थ्यो'



काठमाडौं । गत असार २४ गते रसुवागढीमा आएको भयानक बाढीका बारे राष्ट्रिय सभामा सांसदहरुले आवाज उठाएका छन् ।

जनता समाजवादी पार्टी नेपालका तर्फबाट राष्ट्रिय सभा सदस्य मो.खालिद सिद्धिकीले सो बाढीमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै तत्काल राहत र उद्धारमा खटिएका नेपाली सेना, नेपाल प्रहरी र प्रशासनलाई धन्यवादसमेत दिएका हुन् ।

राष्ट्रिय सभा सदस्य सिद्धिकीले चीनको तर्फबाट समयमै अलर्ट जारी भएको भए जनधनको ठूलो क्षति हुनबाट रोक्न सकिने बताए ।

उनले भने, 'यो क्षति बाढीका कारणले होस् वा ग्लेसियर फुटेको कारणले होस्, चीनको तर्फबाट समयमै अलर्ट जारी भएको भए जनधनको क्षति न्यून गर्न सकिन्थ्यो । आउने दिनमा यससम्बन्धी विशेष सतर्कता अपनाउन जरुरी देखिन्छ ।'

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# आइटी आर्मीको चौथो स्थापना दिवस देशैभर मनाइयो

काठमाडौं। आम जनता पार्टी (आजपा) निकटको आइटी आर्मीको चौथो स्थापना दिवसको अवसरमा सोमबार विभिन्न कार्यक्रम गरी देशैभरी मनाइएको छ। पार्टीको युवा संगठनले देशैभरी बिभिन्न रचनात्मक कार्य गर्दै स्थापना दिवस मनाएका छन्।

काठमाडौं सहित देशैभरी बिभिन्न मठमन्दिरमा सरसफाई गरिएको छ। अस्पतालहरुमा विरामीलाई फलफुल वितरणका साथै खानेपानी वितरण कार्य गरिएको छ। यस्तै बृक्षारोपनका साथै आजै साझ बिभिन्न ठाउँमा दिप प्रज्वलन कार्यक्रम समेत राखिएको आइटी आर्मीका अध्यक्ष चन्द्रभुषण साहले जनाएका छन्।

बाराको काटघाट स्थित शिवमन्दिरमा भक्तजनहरुलाई जुस वितरण गरिएको छ। आजपा एवं आइटी आर्मीका नेताकार्यकर्ताले मन्दिरमा पुगेर भक्तजनहरुलाई जुस वितरण गरेको छ। काठमाडौं स्थित आजपा केन्द्रीय कार्यालयमा पार्टी अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले आइटी आर्मीको स्थापना दिवसको अवसरमा मिठाई खुवाएर शुभकामना व्यक्त गरेका छन्। आजपा अध्यक्ष साहले युवाहरुमा राजनीतिप्रति सकारात्मक सोच अभिबृद्धि भई देश बदलावका लागि जारी दलतन्त्र बिरुद्धको तेस्रो जनआन्दोलन छिटै नै सफल हुने विश्वास व्यक्त गरेका छन्।

'२१ औ शताब्दीको डाटा पुंजीवादको युगमा नेपालको श्रेष्ठता माथी उठाऊने संकल्प सहित गठित हाम्रो गौरवशाली संगठन आईटी आर्मीको ४ औं स्थापना दिवसको अवसरमा सम्पूर्ण नेपालीहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दै युवाहरूमा राजनीतिप्रति सकारात्मक सोंच अभिवृद्धि भई देश बदलावका लागि जारी दलतन्त्र बिरुद्धको तेश्रो जनआन्दोलन छिटै सफल हुने बिश्वास व्यक्त गर्दछु,' आजपा अध्यक्ष साहले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्।

यस्तै आइटी आर्मीका अध्यक्ष चन्द्रभुषण साहले अबको परिवर्तन दलतन्त्रको बिरुद्ध, जनतन्त्रको पक्षमा हुने, अबको क्रान्ति केवल गाली र घृणामा होइन, ज्ञान र नेतृत्वमा आधारित हुने, अबको आन्दोलन तेश्रो जनआन्दोलन हुनेछ, जुन राष्ट्रको नवनिर्माणको आधार हुने विश्वास व्यक्त गरेका छन्।

'आजको २१औं शताब्दी भनेको प्रविधिमैत्री डाटा पुँजीवादको युग हो - जहाँ सूचना नै शक्तिको स्रोत हुन्छ। यही यथार्थलाई आत्मसात गर्दै राष्ट्रको स्वाभिमान, स्वाधीनता र श्रेष्ठता सहित सामाजिक न्यायमा आधारित समावेशिता, सुशासन, बदलाव, विकास र समृद्धिका लागि स्थापित हाम्रो गौरवशाली संगठन आईटी आर्मीको आज हामी चौथो वार्षिकोत्सव मनाउँदैछ। यस ऐतिहासिक अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई उत्तरोत्तर प्रगति, स्वस्थ जीवन र सशक्त नागरिक चेतनाको असिम शुभकामना व्यक्त गर्दछु। यस संगठनको स्थापना केवल प्रविधिमा दक्ष युवाको निर्माण मात्र होइन, राजनीतिप्रति सकारात्मक एवं सृजनशील सोच र शैलीमा अभिवृद्धि गर्दै एक नविन, नेतृत्वदायी र नतिजामुखी नयाँ नेपाल निर्माणको आधार खडा गर्नु पनि हो,' आइटी आर्मीका अध्यक्ष साहले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्।

# सप्तरीमा 'सामुदायिक प्राथमिक विद्यालयमा कम्प्यूटर सिकाइ' अभियान आरम्भ




सप्तरी। सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर सुधारका लागि सप्तरीको रूपनगरमा एउटा नवीन अभियान आरम्भ गरिएको छ। उक्त अभियान अन्तर्गत् 'सरकारी' प्राथमिक विद्यालयका बालबालिकाहरूलाई कम्प्यूटर सिकाउने विशिष्ट कार्यक्रम आज यहाँ शुरू गरियो।

'सामुदायिक प्राथमिक विद्यालयमा कम्प्यूटर सिकाइ' नाम दिइएको यो अभियान रूपनगर नन्दराज संग्रौला क्याम्पस, एक्मी इञ्जिनियरिङ कलेज, काठमाडौं र दलित सरोकार मञ्चको सहकार्यमा सञ्चालन गरिने जानकारी आयोजकहरूले दिएका छन्।

'गरीबका बच्चाहरू मात्र पढ्ने' पहिचान बनेको तराइको गाउँका सरकारी प्राथमिक विद्यालयमा बाल कक्षादेखि कक्षा पाँचसम्मका बालबालिकालाई कम्प्यूटरको आधारभूत तालिम दिने यस्तो महत्वाकाँक्षी कार्यक्रम संभवत: नेपालमै पहिलो हो।

तालिमका लागि कम्प्यूटर एक्मी इञ्जिनियरिङ कलेजले उपलब्ध गराएको छ भने कम्प्यूटर र अङ्ग्रेजी सिकाउने शिक्षक दलित सरोकार मञ्चले व्यवस्था गरेको छ। पहिलो चरणमा, कञ्चनरूप नगरपालिका अन्तर्गतका राष्ट्रिय प्राथमिक विद्यालय, पिपरा, भगवती आधारभूत प्राथमिक विद्यालय, कञ्चनपुर र वीरेन्द्र केशरी खेमराज प्राथमिक विद्यालय, धरमपुर गरी तीन वटा सरकारी विद्यालय यो कार्यक्रमका लागि छनौट गरिएको जानकारी आयोजकहरूले दिएका छन्।

अभियान शुरू गर्न आज रूपनगर क्याम्पसमा आयोजित कार्यक्रममा बोल्दै रूपनगर क्याम्पसका प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले भन्नुभयो, 'चार कक्षामा पढ्ने तर कखरा र बाह्रखरी समेत राम्रो नजान्ने, अत्यन्तै पछाडि परेका यी साना बच्चाहरूलाई कम्प्यूटर सिकाउनुका साथै अङ्ग्रेजी बोल्न समेत सिकाउने हाम्रो उद्देश्य हो।'

'बालबालिकाहरूलाई मात्र होइन, छनौट गरिएका तीन वटा सरकारी प्राथमिक विद्यालयका शिक्षक/शिक्षिकाहरूलाई समेत आधारभूत कम्प्यूटर तालिम दिइनेछ,' कार्यक्रममा कम्प्यूटर हस्तान्तरण गर्दै एक्मी इञ्जिनियरिङ कलेजका प्रिन्सिपल प्राध्यापक इञ्जिनियर प्रदीप कुमार पौड्यालले भन्नुभयो। रूपनगर क्याम्पसले छनौट गरिएका विद्यालयका १५ जना शिक्षक/शिक्षिकालाई दुई महिने आधारभूत कम्प्यूटर तालिम निशुल्क दिनेछ। प्रमाणपत्र समेत उपलब्ध गराइने यो तालिम रूपनगर नन्दराज संग्रौला क्याम्पसको कम्प्यूटर प्रयोगशालामा सञ्चालन हुनेछ।

एक्मी इञ्जिनियरिङ कलेजले दिएको कम्प्यूटर र दलित सरोकार मञ्चले उपलब्ध गराएको शिक्षकबाट सञ्चालन गरिने यो नवीन शिक्षा अभियानको निरन्तर अनुगमन तथा मूल्याङ्कन रूपनगर क्याम्पसले गर्नेछ। यसका लागि क्याम्पस प्रमुखको नेतृत्वमा तीन सदस्यीय समिति निर्माण गरिएको जानकारी क्याम्पसले दिएको छ।

कार्यक्रमलाई सम्बोधन गर्दै दलित सरोकार मञ्चका कार्यकारी निर्देशक तथा कार्यक्रमका विशिष्ट अतिथि भोला पासवानले भन्नुभयो, 'हामीले थालेको यो अभियानमा अपेक्षित प्रगति गर्न सकियो भने यसलाई आगामी दिनमा अझ विस्तार गर्नुका साथै थप शिक्षकको व्यवस्था गर्न सकिनेछ।'

उच्च अदालतका अवकाश प्राप्त मुख्य न्यायाधीश तथा कार्यक्रमका विशिष्ट अतिथि कुमार प्रसाद पोखरेलले अभियानको सफलताका लागि शुभकामना दिँदै समाजका सबैले यसमा सहयोग गर्नुपर्ने आवश्यकता औँल्याउनु भयो।

कार्यक्रमका सभापति, कञ्चनरूप नगरपालिका वडा नं. १२ का वडाध्यक्ष देवि वहादुर खत्रीले यो पवित्र अभियानमा सबैले सहयोग गरौं भन्ने आह्वान गर्नुभयो। युवा अभियानकर्ता मनिष कोइरालाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

*स्रोत: रूपनगर क्याम्पस फिचर सेवा।*

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका
धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

पिपरा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश




सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

चन्द्रनगर गाउँपालिका
सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

महोत्तरी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

# समाजवादको...

प्रविधिका बहुराष्ट्रिय कम्पनीहरूमार्फत पुँजीको सङ्केन्द्रणको प्रयत्न जारी छ। यसले एकातिर सम्पत्तिको असमान वितरणलाई बढावा दिएको छ भने अर्कातिर विश्वव्यापीरूपमा विद्यमान गरिबी तथा बेरोजगारी बढाएको छ। विश्व पुँजीवाद विगतमा भूमि, उद्योग र वित्तीय पुँजीमाथि एकाधिकार जमाउँदै अघि बढेको थियो भने अहिले सूचना र ज्ञानमाथिको वर्चस्व स्थापित गर्न केन्द्रित भएको छ।

पुँजीवादी देशका सीमित बहुराष्ट्रिय कम्पनीहरूको हातमा ठूलो मात्रामा सूचना र तथ्याङ्कहरू भण्डारण हुनुले विभिन्न देशहरूले आफ्नो राष्ट्रिय सुरक्षामा समेत असर पर्ने विश्लेषण गर्न थालेका छन्। पुँजीवाद र समाजवादबिच पनि प्रविधिको प्रयोगमा होडबाजी चल्न थालेको छ भने पुँजीवादी मुलुकहरूकै बिच पनि सङ्घर्ष देखा परेका छन्। सूचनाको असीमित भण्डारणको माध्यमबाट लोकतान्त्रिक भनिएको संयुक्त राज्य अमेरिकाको निर्वाचनमा समेत प्रभाव पारेको कुरा स्वयं अमेरिकाले रुसमाथि आरोप लगायो भने भारत पाकिस्तान युद्धको बेला चीनिया फाइटर प्लेनमा जडीत एआई प्रविधिले पनि विश्वमा ठूलो चर्चा पायो। त्यसरी नै व्यक्तिको निजी विवरण र सूचनालाई पनि ब्लाय्कमेलिङ गर्ने स्थिति पनि कतिपय अवस्थामा देखा परेको छ। यसले समाजमा नयाँ चुनौती र जोखिम बढेर गएको छ। अब नेपाल पनि सूचना प्रविधि र ज्ञान उद्योगको युगमा प्रवेश गर्नु आजको अपरिहार्य आवश्यकता बनेको छ।

सूचना प्रविधिको क्षेत्रमा भएको असाधारण क्रान्तिले विश्वमा 'जेन जि' भन्ने गरेको नयाँपुस्ता अनुकूलको ज्ञानमा आधारित अर्थतन्त्रको विकास भइरहेको छ। अब नेपालमा पनि कृषि, उद्योग र सेवालगायतका अर्थतन्त्रको सबै क्षेत्रमा ज्ञानमा आधारित उद्यमशीलता विकासको आवश्यकता टड्कारो बनेको छ। यसको प्रयोग विना अहिलेको विश्व अर्थतन्त्रमा नेपालको योगदान कमजोर बन्ने छ। नेपालले विगतमा कृषि, पर्यटन र जलस्रोतलाई नेपाली अर्थतन्त्रको प्राथमिकताको तीन क्षेत्रको रूपमा राख्दै आएको थियो। अब अर्थतन्त्रको चौंथो प्राथमिकताको क्षेत्र सूचना प्रविधिलाई बनाउनु पर्दछ। एकीकृत विकास अध्ययन संस्था (Institute for Integrated Development Studies) का अनुसार आ.व.२०७९/८० मा करिव ६७ अरब रकम यस क्षेत्रबाट नेपालमा विप्रेषण आय भित्रिएको थियो। हाल यो झन्डै १ खरब पुगेको अनुमान छ। त्यसैले कृषिको व्यवसायीकरण र आधुनिकीकरण, आन्तरिक उत्पादनमा आधारित उपभोगमा जोड, पूर्वाधारजन्य क्षेत्रको व्यापक विस्तार, यस क्षेत्रका मुलुकहरूको उत्पादन लागत र मूल्य सृङ्खलासँग जोडिएका तुलनात्मक लाभका उद्योग र कलकारखानाहरू खासगरी जलविद्युत, पर्यटन जस्ता उद्योगहरूको विकासमा पछिल्लो ज्ञान, सीप र नवप्रवर्तनीय उद्यमशीलता बढाउन आवश्यक छ।

सूचना प्रविधि विकासका लागि सबैभन्दा पहिलो आवश्यकता ऊर्जाको पर्याप्तता हो। नेपालमा केही वर्ष अगाडिसम्म देशमा १८ घन्टासम्मको लोडसेडिङ्को सामना गर्नु परिरहेको थियो भने जनसङ्ख्याको ठूलो हिस्सा विद्युतको पहुँचभन्दा बाहिर नै थियो। आज लगभग सिङ्गो देशमा विद्युतको पहुँच पुगेको छ। जलस्रोतको भण्डार रहेको देशमा विद्युत आयात गर्नुपर्ने अवस्थाबाट आज देशले निर्यात गर्ने सामर्थ्य हासिल गरेको छ। गत वर्ष आगामी दश वर्षमा भारतलाई दशहजार मेगावाट विजुली निर्यातको सम्झौता भएको छ भने चीन र बङ्गलादेशमा पनि विद्युत व्यापारका लागि ट्रान्समिसन लाइनलगायतका आवश्यक पूर्वाधार निर्माणको पहल भइरहेको छ। गत वर्ष झन्डै ७०० मेगावाट विद्युत निर्यात गरी रु १५ अर्ब २७ करोड बराबरको विदेशी मुद्रा आर्जन गरिएको छ। हाल नेपालको विद्युत उत्पादन क्षमता ३६०२ मेगावाट पुगेको छ जसमध्ये ५४२ मेगावाट त यही वर्षमा थप भएको छ। सन् २०३५ भित्र नेपालले २८ हजार मेगावाट विजुली उत्पादन गर्ने लक्ष्य राखेको छ। यसका लागि नेपाललाई कम्तिमा २० हजार मेगावाट क्षमताको अत्याधुनिक स्मार्ट ट्रान्समिसन लाइनको आवश्यकता छ। एआई जडित यस्तो पूर्वाधारले देशमा उद्योग र चुलोदेखि विद्युतीय यातायातको विस्तारलाई द्रुत गति दिने छ। यसले विजुलीमा आत्मनिर्भरताको नयाँ युगमा प्रवेश गराउने मात्र होइन ऊर्जा निर्यात गरी नेपाली अर्थतन्त्रलाई सबल र दिगो पनि बनाउने छ।

अहिले विदेशी मुद्राको सञ्चिति इतिहासकै उच्च छ। यति हुँदाहुँदै पनि अर्थतन्त्रको आन्तरिक सूचकहरू अझै सुध्रिएका छैनन्। अर्थतन्त्र माथिको सङ्कटको अवस्था कायमै छ। कृषि क्षेत्रको योगदान घटेको छ। श्रम पलायन र श्रमिक अभावले जमीन बाँझो हुन थालेको छ। वस्तु आयातलाई नियन्त्रण गर्दा भन्सार आय घटेको छ। मूल्यवृद्धि र मुद्रास्फिति बढिरहेको छ। व्यापार घाटा चुलिँदै छ। गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको व्यवस्था हुन सकेको छैन। पर्यावरणीय समस्या बढ्दो छ। पुँजी निर्माणमा आएको सङ्कुचनले उद्योग व्यवसाय समस्याग्रस्त छ। विकासका लागि आवश्यक पूर्वाधारहरू अझै विकास हुन सकेका छैनन्। देशमा अहिलेसम्म एउटा पनि हाइटेक सिटी बनेको छैन भने विशेष आर्थिक क्षेत्रहरू निर्माणको लक्ष्य पनि अधुरो छ। लघुवित्त र सहकारीहरू सङ्कटग्रस्त छन्। शेयर बजार चलायमान बनाउन सकिएको छैन। देशभित्र लगानी गर्ने विश्वासिलो वातावरण बनेको छैन। यी कुराहरू सुधारका लागि नै अर्थतन्त्रका सबै क्षेत्रमा कृत्रिम बौद्धिकतालाई प्रयोग गर्न जरुरी छ।

नेपालमा विगत १० वर्षमा देशको कूल गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान बढ्दै गएको छ। नेपालमा सेवा क्षेत्रको बैंक तथा वित्तीय संस्थाहरू, जलस्रोत, पर्यटन, यातायात, शिक्षा, स्वास्थ्य, सूचना तथा सञ्चार आदि क्षेत्रमा उद्यमशीलता उल्लेख्य मात्रामा वृद्धि भएको छ। बझाङको साइपाल गाउँपालिकाबाहेक ७५२ पालिकामा बैंक पुगिसकेको छ। नेपाल अहिले सेवा क्षेत्रबाटै विश्वसँग जोडिएको छ। यसले नेपालमा उत्पादनमूलक क्षेत्रबाट वित्त क्षेत्रमा पुँजी पलायन भएको स्थिति उजागर गरेको छ। हाम्रा विशाल दुई छिमेकी मुलुकहरूले इन्डस्ट्री-४.० को अवधारणाअनुरूप उत्पादनमूलक उद्योगहरूमा डिजिटल इन्टिग्रेसनको माध्यमबाट धेरै परिणाममा उत्पादन (Smart Manufacturing) गर्छन्। त्यसको कारण वस्तुको लागत कम हुन जान्छ। तर नेपालले त्यसरी उत्पादन गर्ने अवस्था विद्यमान छैन। ठूला उद्योगहरूमा उनीहरूसँग प्रतिस्पर्धा गर्न सकिने अवस्था छैन। हामीले वस्तु उत्पादनमा घाटा बेहोर्नुपर्ने अवस्था रहेको छ। नेपालमा निर्वाहमुखी साना र मझौला उद्योगहरूको भने सम्भावना छ। नेपाल सरकारले रु १००/= मा नै कम्पनी खोल्ने व्यवस्था पनि गरेको छ। तर उद्योग मन्त्रालयबाट अनुमति प्राप्त नव प्रवर्तनात्मक (Start-up) उद्योगहरू चल्न सकेको छैन। २०५० सालदेखि नेपालमा एउटा पनि औद्योगिक क्षेत्र बनेको छैन। यसको परिणाम देशभित्र जुन मात्रामा रोजगारी सृजना हुनुपर्ने हो त्यो हुन सकेको छैन। देशभित्र आवश्यक मात्रामा रोजगारीका अवसरहरू सृजना हुन नसकेकाले दक्ष युवा जनशक्ति विदेश पलायन हुने अवस्था बनेको छ। अहिले नेपालका विश्वविद्यालय र क्याम्पसहरूमा समेत पर्याप्त विद्यार्थीहरू छैनन्। त्यसैले नेपालको आजको अवस्था अत्यन्त गम्भीर र चुनौतीपूर्ण रहेको छ।

आजको विश्व एक आपसमा अन्तरनिर्भर (Inter-dependent) विश्व हो। भूमण्डलीकरणको प्रभाव सबै क्षेत्रमा परिरहेको छ। यस्तो विश्व व्यवस्थामा हामीले सबै किसिमका उद्योग धन्दाहरू नभई तुलनात्मक लाभका उद्योगहरू स्थापना गरी देशभित्र र बाहिरका बजारहरूमा पहुँच राख्न सक्नु पर्दछ। नेपालमा त्यस्ता तुलनात्मक लाभका उद्योगहरू भनेको आफ्नै जल, जमीन, जङ्गल र जडीबुटीमा आधारित उद्योगहरू नै हुन्। त्यसको अलावा सूचना प्रविधिको क्षेत्रमा सुक्ष्म ढङ्गले काम गर्ने तथा विश्व वजारमा आवश्यक विभिन्न क्षेत्रका सफ्टवेयरहरू निर्माण गरी निर्यात गर्ने वातावरण सृजना गर्नु पर्दछ। लगानीको उत्पादकत्व वृद्धि हुनसक्ने कृषिजन्य उद्योग, जलस्रोत र पर्यटनको विकास, पूर्वाधारमा लगानी तथा ग्रामीण उद्यमशीलता र बजारको प्रवर्धनमा विशेष ध्यान दिनु पर्दछ। त्यसका लागि सरकारले आर्थिक, वित्तीय तथा मौद्रिक नीतिलाई समन्वयात्मकरूपमा अगाडि बढाउनुका साथै देशको बजेट प्रणालीलाई पनि पुनर्संरचना गर्नु पर्दछ।

## २.५ नेपाली समाजमा विद्यमान अन्तर्विरोधहरू

सन् २००६ को जनक्रान्ति पश्चात नेपाली समाज पुँजीवादी युगमा प्रवेश गरेको छ। सामन्ती राजतन्त्र अन्त्य भई गणतन्त्र स्थापना हुनु युगान्तकारी महत्वको घट्ना हो। राजतन्त्रको उन्मूलनले सामन्तवादको राजनीतिक नेतृत्व अन्त्य भएको छ, र पुँजीवाद विकासमान छ। तर यहाँको पुँजीवादमा राष्ट्रिय पुँजीको अंश न्युन छ। यहाँको पुँजीवाद राष्ट्रिय चरित्रको उद्यमशील पुँजीवाद नभई राजनीतिक नेतृत्व र व्यवसायीहरूबिचको मिलोमतोमा रातारात उदय भएका सत्तानिकटका आसेपासेहरू, कमिशनखोर तथा एकाधिकार पुँजीपति वर्गसँग सम्बन्धित छ। तिनीहरूसँग श्रमजीवी वर्गको अन्तर्विरोध अहिलेको वर्गीय अन्तर्विरोध हो। अहिले पनि नेपालमा हिन्दू राजतन्त्र र केन्द्रीकृत एकात्मक राज्यका पक्षधर शक्तिहरू सल्बलाइरहेका छन्। तर तिनीहरूको सामाजिक आर्थिक आधारहरू कमजोर भइसकेको छ। सङ्घीय समाजवादी व्यवस्थाको स्थापनाका लागि ती सामन्ती पुनर्उत्थानवादी शक्तिहरूसँग होशियार रहनु पर्छ भने पुंजीवादी यथास्थितिवादी शक्तिहरूलाई पराजित गर्न सक्नु पर्दछ।

नेपालको पुँजीवादी क्रान्ति श्रमजीवी वर्गको समेत संलग्नतामा भएको भएता पनि श्रमजीवी वर्ग पुँजीवादीहरूको शोषणबाट मुक्त भएको छैन। पुँजीवादी क्रान्तिको उपजको रूपमा सबै क्षेत्रमा सबै नागरिकहरूको समानता, बहुराष्ट्रिय राज्यको मान्यताअनुरूप सङ्घीय शासन, सहि अर्थमा धर्म निरपेक्षता, समानुपातिक समावेशी, भाषिक समानता, सामाजिक विभेदबाट मुक्ति हासिल भइसकेको छैन। त्यसरी नै उत्पीडित राष्ट्रियताहरू पनि आन्तरिक औपनिवेशीकरणबाट मुक्त भइसकेका छैनन्। तिनीहरूको स्वशासन र स्वायत्तताको आकाङ्क्षा पूरा भएको छैन। शिल्पी समुदायमाथिको अमानवीय व्यवहार तथा विभेद पनि कायमै छ। समग्रमा भन्दा सामन्ती वर्णव्यवस्थाले सृजना गरेको उच्च जातीय अहङ्कारवाद र जातप्रथाका कारण नेपाली समाजमा विद्यमान जाति, भाषा, धर्म, संस्कृति सम्बन्धी विभेद अन्त्य भएको छैन। त्यसैले नेपालमा पुँजीवादी राजनीतिक क्रान्तिले पूर्णता प्राप्त गरेको छैन।

नेपालमा सन् १७६८ मा गरिएको सामन्ती राज्य विस्तारभन्दा अगाडि इतिहासका विभिन्न कालखण्डहरूमा लिम्वुवान, किरात, नेपाः, मगरात, खसान जस्ता राज्यहरू राष्ट्रिय राज्यको रूपमा विकसित हुने क्रममा थिए। त्यसरी नै तराइ मधेस र थरुहटमा विभिन्न महाजनपद राज्यहरू र देशका विभिन्न भागहरूमा आदिवासी जनजातिका ग्रामिण गणतन्त्रहरू थिए। तर तिनीहरूको पहिचानलाई समाप्त गरी जर्बजस्ति विलयीकरणको एकल राष्ट्रिय राज्यको नीति अगाडि सारियो। नेपाललाई आर्जेको मुलुकको रूपमा व्याख्या गरियो। त्यसले नेपाललाई भौगोलिकरूपमा एकीकृत गरे पनि भावनात्मकरूपले एकीकृत गर्न सकेन। पटक पटक भएको जनक्रान्ति र परिवर्तनले पनि नेपालको राज्यसत्ताको एकल जातीय चरित्रमा गुणात्मक परिवर्तन आएको छैन। राज्यसत्तामा अहिले पनि नश्लवाद र वर्णवाद हाबी रहेको छ। त्यसैले नेपालको राजनीतिक क्रान्ति अझै जारी छ। सामाजिक आर्थिक क्षेत्रमा रूपान्तरणको महत्वपूर्ण काम पनि बाँकी नै छ। त्यसैले नेपाललाई अब राज्यभित्रको राज्यको मान्यताअनुरूप नयाँ आधारमा बहुराष्ट्रिय सङ्घीय राज्यमा रूपान्तरित गर्नु पर्दछ। त्यसले मात्र नेपालभित्र रहेका राष्ट्रिय/जातीय अन्तर्विरोधहरू हल गर्न सकिन्छ।

अहिले नेपालमा वर्गीय र राट्रिय/जातीय अन्तर्विरोध मात्र नभई वाह्य अन्तर्विरोध पनि रहेको छ। नेपालको भू राजनीतिक अवस्थालाई सौदावाजीको विषय वनाएर ब्रिटिश भारतकै पालादेखि नेपालमा शक्ति राष्ट्रहरूले असमान सन्धीहरू लादेका थिए। अहिले पनि शक्ति राष्ट्रहरूले नेपालको राष्ट्रिय हितविपरीत दवाव दिने र हस्तक्षेप गर्ने काम गर्दै आएका छन्। यसको मुख्य दोषी आफ्नो सत्ता स्वार्थका लागि जे पनि गर्न तयार हुने नेपालका दलाल शासकहरू नै हुन्। यी बाहेक भौगोलिक असमानताका कारण सृजित क्षेत्रीय अन्तर्विरोध तथा पितृसत्तात्मक शासनका कारण सृजित लैङ्गिक अन्तर्विरोधहरू पनि छन्। हामीले समाजवाद स्थापनाका लागि यी सबै अन्तर्विरोधहरूलाई एक साथ हल गर्ने नीति लिनु पर्दछ। अहिले यी सबै अन्तर्विरोधहरूको केन्द्रीकृत अभिव्यक्ति वर्तमान राज्यसत्ता र नेपाली जनताको अन्तर्विरोधको रूपमा भएको छ। त्यसैले अहिले नेपालका श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूको प्रधान अन्तर्विरोध सामन्ती पुनर्उत्थानवादी, कमिशनखोर तथा एकाधिकार पुँजीपति वर्गको हितको प्रतिनिधित्व गर्ने एकल जातीय अधिपत्य रहेको राज्यसत्तासँग रहेको छ।

## २.६ श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूको एकता अपरिहार्य

श्रमजीवी वर्ग नेपालको विकसित उत्पादक शक्ति र समाजवाद निर्माणको नेतृत्वदायी शक्ति हो। तर हाम्रो जस्तो बहुराष्ट्रिय मुलुकमा राज्यसत्तामा सबै समुदायको सहभागिता नभएसम्म श्रमजीवी वर्ग एक्लैले यो अभिभारा पूरा गर्न सक्दैन। त्यसैले नेपालका श्रमजीवी वर्गले उत्पीडित राष्ट्रियताहरूको मुक्तिको सिद्धान्तलाई पनि आत्मसात गर्नु पर्दछ। त्यसैका लागि हामीले समाजवादलाई सङ्घीय शासन प्रणालीसँग जोडेका छौं। नेपालको श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूको एकतावद्ध पहलले मात्रै नेपालमा समाजवादको लक्ष्य हासिल गर्न सकिन्छ। नेपाली श्रमजीवी वर्ग तीन प्रकारको छ। एउटा शारीरिक श्रम गर्ने शक्ति, जसले आफ्नो श्रमशक्तिको प्रयोग ज्यालाबापत पुँजीपतिका निम्ति अतिरिक्त मूल्य उत्पादन गर्छ। दोस्रो, बौद्धिक श्रम गर्ने शक्ति, जसले आफ्नो बौद्धिक क्षमता विभिन्न संस्थाहरूलाई विक्रि गर्छ र संस्थाका निम्ति अतिरिक्त मूल्य उत्पादन गर्छ। तेस्रो, त्यस्तो श्रमशक्ति, जुन स्वतन्त्र किसान, स्वतन्त्र कारिगर, लघु उद्यमी तथा व्यवसायीहरू हुन् जसले आफ्नो कारोबार आफै सञ्चालन गरेका हुन्छन्। यिनीहरू मुलतः औद्योगिक, सेवा र कृषि क्षेत्रमा कार्यरत छन्। जनता समाजवादी पार्टी सबैखाले श्रमजीवीहरू र उत्पीडित राष्ट्रियताहरूको प्रतिनिधित्व गर्ने पार्टी हो। श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूबिचको एकताले नै नेपालमा विद्यमान वर्गीय तथा राष्ट्रिय/जातीय अन्तर्विरोधको समाधान सम्भव हुन्छ।

## ३. उत्पीडित राष्ट्रियताहरूको मुक्तिका लागि सङ्घीय राज्य

सङ्घीय राज्य भनेको राज्यहरूको सङ्घ हो। नेपालमा सङ्घीय राज्यको आवश्यकतालाई विभिन्न कोणबाट हेर्ने र बुझ्ने गरिएको छ। कसैले सङ्घीयता विकासका लागि आवश्यक भन्ने गरेका छन् भने कसैले प्रशासनिक सुगमताका लागि र कसैले जनतालाई प्रभावकारी सेवा प्रदान गर्नका लागि। सङ्घीयता अवश्य पनि ती सबै कामका लागि पनि हो, तर मुख्यरूपमा नेपाल जस्तो बहुराष्ट्रिय मुलुकमा सङ्घीयता उत्पीडित राष्ट्रियताहरूको मुक्तिका लागि हो। बहुराष्ट्रिय मुलुकमा सङ्घीय राज्यको मान्यताले सबै जाति वा समुदायहरूको सहअस्तित्व र साझा शासनमा जोड दिन्छ। सङ्घीय राज्यमा दुई अलग तर स्वायत्त तहमा राजकीय सत्ता र शासनाधिकारको बाँडफाँट हुन्छ। केन्द्रमा साझा राज्य, प्रदेशहरूमा स्वायत्त राज्य हुन्छ। एउटालाई सङ्घ वा केन्द्र भनिन्छ भने अर्कोलाई राज्य, प्रदेश, प्रान्त, क्षेत्र वा यस्तै अन्य नाम दिइएको हुन्छ। यस्तो व्यवस्थामा एउटै भूगोलभित्र दुईवटा सरकारको अस्तित्व हुन्छ। केन्द्रमा एउटा सरकार र प्रदेशमा अर्को सरकार। सङ्घीय सरकार साझा शासनको यन्त्र हो भने प्रदेश सरकार स्वशासनको अभिव्यक्ति हो। दुबैमा संविधानप्रदत्त राजकीय सत्ता र शासनाधिकार हुन्छ। अन्तर्राष्ट्रिय समुदायमा भने सङ्घीय राज्य सार्वभौमसत्ता सम्पन्न एक देशको रूपमा परिचित हुन्छ।

कतिपय वहुसाँस्कृतिक मुलुकहरूमा त्रिसङ्घीयताको मान्यताअनुरूप स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, विशेष क्षेत्रलगायतका संरचनाहरू निर्माण गरी त्यहाँ पनि राजकीय सत्ता र शासनाधिकार दिइएको हुन्छ। तिनीहरूलाई राज्यको विशेष संरचनाको रूपमा संवैधानिक मान्यता दिइएको हुन्छ। स्वायत्त प्रदेश सङ्घीय व्यवस्थाको मूल संरचना हो भने अरु विशेष संरचनाहरू हुन्। स्वायत्त प्रदेश तथा विशेष संरचनाहरू सबै स्वशासनका रूपहरू हुन्। सङ्घीयतामा स्थानीय निकायलाई भने प्रदेश मातहतको विकास निर्माणको एकाइ बनाइएको हुन्छ। यसरी सङ्घीयतामा प्रदेशहरू एकात्मक राज्यमा जस्तो संरचना मात्र नभई राज्यशक्ति र शासनाधिकार प्राप्त अङ्ग हुन्छन्। तिनीहरू संवैधानिकरूपले नै अधिकारसम्पन्न हुन्छन्। त्यसैले सङ्घीयता सैद्धान्तिक महत्वको विषय हो। यो वहुसाँस्कृतिक मुलुकहरूमा राष्ट्रिय एकता र सहअस्तित्वको कडी हो।

## ३.१ सङ्घीयतामा राष्ट्रिय पहिचानको मान्यता

नेपालमा अहिले सङ्घीयताको सन्दर्भमा प्रशासनिक-भौगोलिक सङ्घीयता र पहिचानसहितको सङ्घीयता २ मुख्य अवधारणाहरू वहसमा छन्। हामी पहिचानसहितको सङ्घीयताको पक्षमा छौं। विश्व समाजवादी आन्दोलनमा पहिचानसहितको सङ्घीयताको प्रयोग भौगोलिक क्षेत्रसहित र गैरभौगोलिक वा संस्थागत सङ्घीयता दुई तरिकाले प्रयोग भएको छ। रुसमा भ्ला. इ. लेनिनले निश्चित भूगोलसहित जातीय आत्म निर्णयको अधिकार र जातीय प्रादेशिक सङ्घीयताको वकालत गरे भने अष्ट्रियाका सामाजिक लोकतन्त्रवादी नेता अटो बाउरले जातीय सांस्कृतिक स्वायत्तताका लागि गैरभौगोलिक सङ्घीयता प्रचलनमा ल्याए। राष्ट्रपति कार्ल रेनरद्वारा अष्ट्रियामा यसको पहिलो प्रयोग भयो। नेपालमा धेरै जातीय विविधता भएको र शिल्पी समुदायलगायत धेरैजसो अल्पसङ्ख्यक समुदायहरू एउटा खास भूगोलमा मात्र सीमित नरहेकाले यी दुबै रूपहरूको प्रयोग आवश्यक छ। नेपालमा पहिलो संविधानसभाद्वारा गठित राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँट समितिले १४ प्रदेश तथा राज्य पुनर्संरचना उच्चस्तरीय सुझाव आयोगका प्रतिवेदन- २०६८ ले यसै मान्यताअनुरूप पहिचानसहितको १० प्रदेशका साथै १ गैरभौगोलिक शिल्पी प्रदेशको प्रस्ताव गरेको हो। आयोगले स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रहरूको पनि प्रस्ताव गरेको थियो।

नेपालमा अहिले नाम मात्रकै भए पनि प्रशासनिक-भौगोलिक सङ्घीयताको ढाँचामा ७ प्रदेशको संरचना निर्माण भएको छ। पुराना राजनीतिक शक्तिहरूले यसलाई पनि एकप्रकारले 'तदर्थ' रूपमा लिएका छन् र यसलाई समेत उल्टाउन उपयुक्त मौकाको खोजीमा छन्। यी प्रदेशहरू उत्पीडित राष्ट्रियताहरूको पहिचानमा आधारित नभई नेपालका ठूला नदीहरूको प्रस्रवण क्षेत्रका आधारमा बनाइएका छन्। मधेस प्रदेशबाहेक सबै प्रदेशहरू प्रशासनिक-भौगोलिक सङ्घीयताको ढाँचामा निर्माण भएका छन्। त्यसैले यसलाई उत्पीडित राष्ट्रियताहरूको पहिचानमा आधारित समुन्नत सङ्घीयतामा रूपान्तरण गर्नु अहिलेको आवश्यकता हो। हाम्रो पार्टीले त्रिसङ्घीयताको मान्यताअनुरूप प्रदेश संरचनाका साथै राजकीय सत्ता र शासनाधिकारसहितको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, विशेष क्षेत्रहरू निर्माण गर्न पहलकदमी लिनु पर्दछ। अहिले देशको प्रादेशिक संरचना र त्यहाँको आन्दोलनका रूपहरू हेर्दा मधेसमा पहिचानसहितको सङ्घीयता कार्यान्वयनको चरणमा छ भने अन्य स्थानहरूमा या त सङ्घर्षको चरणमा या त प्रचारात्मक चरणमा मात्रै रहेको छ। त्यसैले अहिले पहिचानसहितको सङ्घीयताको आन्दोलनले दीर्घकालिन रूप लिएको छ। हामीले राज्य पुनर्संरचना समिति र आयोगका प्रतिवेदनहरूलाई रचनात्मकरूपमा कार्यान्वयन गर्ने नीति लिएका छौं। त्यसका लागि केन्द्रिकृतरूपमा र प्रादेशिकरूपमा आन्दोलन उठाउनुका साथै संविधान संशोधनको माध्यमबाट पनि पहिचानसहितको सङ्घीयता प्राप्तिको पहल गर्नु पर्दछ।

## ३.२ वर्तमान युगको सङ्घीयताः सहकारी सङ्घीयता

आजको युगको सङ्घीयता सहकारी सङ्घीयता हो। यो प्राचीन कालमा जस्तो बलशाली मुलुकहरूबाट आफ्नो सुरक्षाको हेतुले निर्माण गरिएको महासङ्घीय ढाँचाको वा आधुनिक युगको जस्तो प्रतिस्पर्धी ढाँचाको सङ्घीयता होइन। द्वितिय विश्वयुद्धपछि सङ्घीयताको स्वरूप आमरूपमा सहकारी सङ्घीयतामा बदलिएको छ। यस प्रकृतिको सङ्घीयतामा प्रदेश प्रदेशबिच प्रतिस्पर्धा मात्र होइन, सहकार्य हुने गर्दछ। केन्द्रद्वारा वित्तीय सन्तुलन हुने गरी निश्चित मापदण्डको आधारमा राजस्वलगायतका स्रोत साधनहरू बाँडफाँट हुन्छ। नेपालमा ठूलो भूगोल भयो भने प्रदेशहरू सामर्थ्य हुने भ्रम फैलाएर मुलुकको बढी राजस्व उठ्ने भ्याट, भन्सार, आयकर, अन्तःशुल्क, प्राकृतिक स्रोत कर, पारिश्रमिक करसमेत सबै स्रोत केन्द्रको क्षेत्राधिकारमा राखेको छ। यसबाट सामर्थ्यताको नारा पहिचानसहितको प्रदेश नदिनका लागि गरिएको षडयन्त्र मात्र भएको स्पष्ट भएको छ। वास्तवमा पहिचान पहिल्यै आर्जित जन्मसिद्ध कुरा हो भने सामर्थ्यता भविष्यमा आर्जित हुने कुरा हो।

## ३.३ नेपालको सङ्घीयतामा वित्त व्यवस्थापनको अवस्था

देशमा सङ्घीयताको कार्यान्वयन सुरु भए पनि अर्थतन्त्रलाई सङ्घीय ढाँचामा पुनर्संरचना गर्ने काम अत्यन्तै सुस्त रह्यो। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संवैधानिक व्यवस्था भए पनि विश्वव्यापीरूपमा प्रचलित वित्तीय सङ्घीयताको सिद्धान्त तथा त्यसको मर्म र भावना नेपालमा अङ्गीकार भएको देखिंदैन। नेपालमा सङ्घीयता कार्यान्वयन सुरु भएको वर्ष अर्थात २०७४ सालको बजेट पहिल्यै नै आइसकेको थियो। त्यसपछिको नेपालको राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणको ८ वर्षको अवस्था हेर्दा नेपाल सरकारले प्रदेश र स्थानीय सरकारलाई सङ्घीय बजेटको करिव एक तिहाइ पनि पठाएको देखिंदैन। सङ्घीयता कार्यान्वयनपछिको ८ वर्षको तथ्यांक हेर्दा ७ वटा प्रदेश र स्थानीय तह दुबैलाई गरी औसत ३१.५६ प्रतिशत मात्र बजेट विनियोजन भएको देखिन्छ। उपरोक्त तथ्याङ्कबाट आर्थिक वर्ष २०७५/७६ को बजेट हेर्दा कुल बजेट १३ खरब १५ अरब १६ करोड मध्ये राजस्व बाँडफाँटबाट कूल बजेटको ८.६ प्रतिशत र वित्तीय हस्तान्तरणबापत अनुदानबाट २५ प्रतिशत गरी ३३.६ प्रतिशत बजेट प्रदेश र स्थानीय तहमा गएको देखिन्छ। त्यसमध्ये १३.७ प्रतिशत प्रदेशको हिस्सा र १९.९ प्रतिशत स्थानीय तहको हिस्सा छ। यो वर्ष समपूरक अनुदान र विशेष अनुदान भने बजेट वक्तव्यमा देखिंदैन। पछि अनुदानको रूपमा १ अरब १८ करोड थप निकासा भएको आर्थिक सर्वेक्षणमा उल्लेख गरिएको छ। (आर्थिक सर्वेक्षण २०७६/७७: ४२)। तर ३३.६ प्रतिशत बजेट विनियोजन भए पनि सो वर्ष वास्तविक हस्तान्तरण भने ३१.८ प्रतिशत मात्र भएको थियो। ७ वर्षपछि आर्थिक वर्ष २०८२/८३ को बजेटलाई हेर्ने हो भने कुल बजेट १९ खरब ६४ अरब ११ करोड मध्ये सङ्घीय विभाज्य कोषबाट राजस्व बाडफाँटबापत प्रदेश र स्थानीय तहलाई जम्मा रु १ खरब ६५ अरब अर्थात ८.४ प्रतिशत जाने प्रक्षेपण गरेको छ भने सङ्घीय सञ्चित कोषबाट वित्तीय हस्तान्तरणको रूपमा अनुदान कुल बजेटको ४ खरब १७ अरब ८ करोड अर्थात २१.३ प्रतिशत गरी कूल बजेटको २९.७ प्रतिशत सङ्घबाट विनियोजन भएको देखिन्छ। यो गत ५ वर्षको तुलनामा राजस्व र अनुदान गरी वित्तीय हस्तान्तरणका लागि विनियोजित कूल रकममा सबैभन्दा कम हो। सङ्घीयता कार्यन्वयनको सुरु वर्ष २०७५/७६ को बजेटको तुलनामा २०८२/८३ को बजेटमा प्रदेशको हिस्सा कम भयो भने स्थानीय तहको हिस्सा बढेको देखिन्छ। यस वर्ष वित्तीय हस्तान्तरण ४बापत प्रदेशको हिस्सा सुरु वर्षको तुलनामा ४.४ प्रतिशत कम भएको छ भने स्थानीय तहको ०.७ प्रतिशत बढेको देखिन्छ।

आ.व. २०८२/८३ को बजेटमा सङ्घको कुल बजेट मध्ये ७.६ प्रतिशत समानीकरण अनुदान, १२.३ प्रतिशत सशर्त अनुदान, ०.७ प्रतिशत समपुरक अनुदान र ०.७ प्रतिशत विशेष अनुदानमा विनियोजन भएको छ। यसबाट सङ्घले समानीकरण अनुदानभन्दा सशर्त अनुदानमा बजेट बढी राखी मनोमानी गर्न खोजेको देखिन्छ। सङ्घले अनुदान दिंदा सामाजिक न्यायलाई केन्द्र भागमा राखी समानीकरण अनुदानलाई प्राथमिकता दिनु पर्दथ्यो। सङ्घीयतालाई बलियो बनाउन सही अर्थमा वित्तीय सङ्घीयताको सिद्धान्त कार्यान्वयन आवश्यक छ। सङ्घीयता भएको स्वीट्जरल्याण्ड र क्यानाडामा धेरैजसो राजस्व स्रोत नै तल दिइराखेको छ। स्वीट्जरल्याण्डमा ६० प्रतिशत र क्यानाडामा ५३ प्रतिशत प्रदेश र स्थानीय तहलाई दिइराखेको छ भने अमेरिकामा पनि झन्डै ४५ प्रतिशत राजस्व अधिकार राज्य र स्थानीय तहलाई नै छ। तर हाम्रो देशमा सङ्घीय सरकारको संकिर्णताले प्रायः सबैजसो वित्तीय स्रोत साधनहरू केन्द्रमा राखी प्रदेशलाई आर्थिक सामर्थ्यताको दृष्टिकोणबाटं कमजोर बनाई सङ्घीयतालाई नाम मात्रका बनाउन खोजेको प्रष्ट हुन्छ। हाम्रो पार्टी सबै तहमा ३३.३ प्रतिशत बजेट बाँडफाँट गरी प्रदेश र स्थानीय तहले पनि सहजरूपमा आफ्नो वित्तीय व्यवस्थापन गर्न सक्ने व्यवस्था मिलाउने पक्षमा छ।

## ४. आजको युगको समाजवाद

## ४.१ भूमण्डलीय विश्वमा पुँजीवाद र समाजवाद

पुँजीवाद भनेको उत्पादनका साधनहरूमा पुँजीपति वर्गको अधिपत्य भएको व्यवस्था हो, जहाँ उत्पादक शक्तिलाई उत्पादनका साधनहरूबाट अलग्याइएको हुन्छ र पुँजीको आधारमा खरिद गरिएको श्रमशक्तिलाई प्रयोग गरी अतिरिक्त मूल्य सिर्जना गरिएको हुन्छ। यहि कारणले पुँजीवादी व्यवस्थामा श्रमजीवी जनता गरिवी र अभावमा बाँच्नुपर्ने अवस्था सृजना हुन्छ। समयको गतिसँगै पुँजीवादका रूपहरू फेरिएका छन्, तर त्यसको मूल चरित्र उस्तै छ। अहिले विश्व पुँजीवाद भूमण्डलीय पुँजीवादको चरणमा प्रवेश गरेको छ। अहिले वित्तीय पुँजीको उत्कर्षसमेत बहुराष्ट्रिय निगमको पुँजी परिचालन भइरहेको छ। भूमण्डलीय पुँजीवादसँगै विश्व अहिले चौंथो औद्योगिक क्रान्ति र साइवरनेटिक युगमा प्रवेश गरेको छ। अहिले पुँजीपति वर्गद्वारा सूचना-प्रविधि, कृत्रिम बुद्धिमता र ज्ञान उद्योगको माध्यमबाट विश्वभरि नै आफ्नो प्रभाव बृद्धि गरी आय आर्जन गरिरहेको छ। फेसबूक, यू ट्युबलगायतका सामाजिक सञ्जालका मालिकहरू धनि बन्दै छन्। हामी भने आमरूपमा तेस्रो औद्योगिक क्रान्तिको उपजको रूपमा सन् १९७० को दशकमा विकसित कम्प्युटर, आइटी र स्वचालित मेशिनहरू पनि प्रयोग गर्ने अवस्थामा छैनौं।

यतिवेला विभिन्न देशका पुँजीपतिहरू संलग्न बहुराष्ट्रिय निगमको पुँजी मात्र होइन जनताको श्रम पनि अन्तर्राष्ट्रियकरण भएको छ। प्रत्येक देशमा श्रम र पुँजीको बिचको अन्तर्विरोध बढ्दो छ। वैचारिकरूपमा पनि समाजवादी लोकतन्त्रको बाटो लिने कि पुँजीवादी लोकतन्त्रको बाटो लिने भन्ने आधारमा नै अहिलेको विश्व विभाजित छ। यी दुईको बिचमा तेस्रो बाटोको यदाकदा चर्चा भए पनि त्यो कुनै न कुनैरूपमा दुईमध्ये एउटा प्रवृत्तिसँगै जोडिएको छ। शीतयुद्धको अन्त्यपछि पुँजीवाद र समाजवादको संयोजनको कुरा पहिलाभन्दा जोडदाररूपमा उठ्यो। तर दुई विपरीत तत्व एकसाथ रहे पनि त्यसभित्र सङ्घर्ष एउटा अनिवार्य कुरा हो। यो सङ्घर्ष त्यस्तो सार्वभौम, दीर्घकालीन र अनिवार्य प्रकृया हो, जो हाम्रो इच्छाभन्दा स्वतन्त्ररूपमा अघि बढिरहेको हुन्छ। त्यसभित्र अनेकौं गतिरोध, धक्का र अग्रगतिहरू हुनु अनिवार्य हुन्छ। त्यसको अग्रगतिको रूप समाजवाद हो। श्रमजीवी वर्गले पुँजीवादको विकल्पमा समाजवाद

क्रमशः...

# 'हिन्दू जीवन पद्धति केबल धार्मिक अभ्यास मात्रै होइन, वैज्ञानिक सोच पनि हो'

काठमाडौं । सीमा जागरण मंचका अखिल भारतीय सदस्य तथा इन्दिरा गान्धी राष्ट्रिय मुक्त विश्वविद्यालयका प्राध्यापक डा. चित्रेश सोनीको प्रमुख उपस्थितिमा "हिन्दू जीवन दर्शन" विषयक एक भव्य उदबोधन कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ । हिन्दू सभ्यता, दर्शन र वर्तमान विश्व सन्दर्भमा यसको प्रयोगात्मक पक्षबारे व्यापक छलफल भएको उक्त कार्यक्रममा विभिन्न सामाजिक, राजनीतिक तथा शैक्षिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले गरेका थिए । अध्यक्ष यादवले आफ्नो सम्बोधनमा हिन्दू जीवन पद्धति केवल धर्मिक अभ्यास मात्र नभइ सामाजिक सद्भाव, वैज्ञानिक सोच र मानवीय मूल्यको मार्गदर्शक भएको उल्लेख गर्दै अभियानले सञ्चालन गर्दै आएका राष्ट्रहितका कार्यक्रमहरूलाई सशक्तरूपमा अगाडि बढाउने प्रतिबद्धता जनाएका थिए ।

प्रमुख अतिथिका रूपमा उपस्थिति रहेका पूर्वमन्त्री रामेश्वर राय यादवले हिन्दू दर्शनलाई नेपाली समाजको नैतिक मेरुदण्डका रूपमा चित्रण गर्दै अहिलेको राजनीतिक, सामाजिक अन्यौलताका बीच यो दर्शनले मार्गदर्शन गर्ने बताए । उनले हिन्दू जीवन पद्धति र राष्ट्रवादको अन्तर्सम्बन्धबारे आफ्नो गहिरो दृष्टिकोण प्रस्तुत गरे ।

कार्यक्रममा विशिष्ट अतिथिको रूपमा रुक्मिणी चौधरी, जनमत पार्टीका निलम्बित केन्द्रीय उपाध्यक्ष इन्जिनियर दीपक साह, सह-प्राध्यापक संजय पटेल, सम्पादक दिनेश डीसी र अन्य सामाजिक अगुवाहरूले मन्तव्य राख्दै हिन्दू दर्शनको वैज्ञानिकता, विश्व स्वीकार्यता, र युवा पुस्तामा यसको पुनर्जागरणको आवश्यकताबारे जोड दिएका थिए ।

स्वागत मन्तव्य चन्द्र यदुवंशीले गरेका थिए भने कार्यक्रमको उद्देश्य, डा. सोनीको योगदान र अभियानको वर्तमान गतिविधिबारे संक्षेपमा जानकारी गराइएको थियो ।

कार्यक्रमको सञ्चालन राष्ट्रिय एकता अभियानका युवा विभाग संयोजक दिवस पटेलले गरेका थिए । संयोजक पटेलले हिन्दू दर्शनमाथि युवाहरूको बढ्दो आकर्षण र यसलाई व्यावहारिक शिक्षाका रूपमा स्थापित गर्न अभियानले लिएको रणनीति प्रस्तुत गरेका थिए ।

कार्यक्रममा अभियानका केन्द्रीय सदस्य लक्ष्मी ज्ञावली, रीता साह, कलानन्द मिश्र, जय नारायण यादव, धर्मेन्द्र यादव लगायतको उपस्थिति रहेको थियो । सभाहल विचार विमर्श र भावनात्मक अभिव्यक्तिले भरिएको थियो जहाँ उपस्थित सहभागीहरूले हिन्दू जीवन पद्धतिको बारेमा जानकारी हासिल गर्ने अबसर प्राप्त गरेको थिए ।

यस कार्यक्रमले हिन्दू जीवन दर्शनप्रति जनचेतना अभिवृद्धि गर्नुका साथै सामाजिक एकताको सन्देशसमेत प्रवाह गरेको सहभागीहरूको धारणा थियो ।

# सिर्सिया नदीको प्रदूषण नियन्त्रणमा आवश्यक कदम चालिने छ : मन्त्री यादव



वीरगञ्ज । खानेपानीमन्त्री प्रदीप यादवले सिर्सिया नदीको प्रदूषण नियन्त्रणका लागि आवश्यक कदम चालिने बताएका छन् । पर्सा जिल्लाको श्रीसिया नदीको प्रदूषण नियन्त्रणसम्बन्धी छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले श्रीसिया नदीमा दिनानुदिन बढ्दै गएको प्रदूषणको अवस्थालाई गम्भीरतापूर्वक लिँदै त्यसको तत्काल र दीर्घकालीन समाधानका लागि आवश्यक कदम चालिने प्रतिवद्धता व्यक्त गरेका हुन् ।

उनले भने, "प्रदूषण नियन्त्रणका लागि एशियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा, खानेपानी मन्त्रालयको सहलगानी आयोजना अन्तर्गत आवश्यक बजेट विनियोजन गरी कार्य योजना निर्माण गरी अघि बढाइने छ । नदीको संरक्षण र प्रदूषण नियन्त्रण गर्न मन्त्रालयले आवश्यक सहयोग गर्ने छ ।"

यसैगरी उनले वीरगञ्ज महानगरपालिकाले श्रीसिया नदीको बढ्दो प्रदूषण नियन्त्रणका लागि जतिसक्दो चाडो आवश्यक प्रस्ताब पेश गर्न समेत आग्रह गरे ।

मन्त्री यादवले स्थानीय तह, प्रदेश सरकार र संघ सरकारको सहकार्यमा मात्र प्रदूषण नियन्त्रणमा दीगो समाधान सम्भव हुने तथा नदी प्रदूषण नियन्त्रणका लागि खानेपानी मन्त्रालयका तर्फबाट आवश्यक सबै पहल गरिने प्रतिबद्धता व्यक्त गरे ।

वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले श्रीसिया नदीको प्रदूषण नियन्त्रणका लागि महानगरपालिकाले आवश्यक प्रस्ताब पेश गर्ने जानकारी गराउँदै मन्त्रालयबाट थप आवश्यक सहयोग गरिदिन आग्रह गरेका थिए ।

उक्त छलफल कार्यक्रममा, उद्योग बाणिज्य संघका प्रतिनिधि, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई रामकुमार श्रेष्ठ, उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम, एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका आयोजना निर्देशक सुरतकुमार बम लगायतका कर्मचारीहरुको सहभागीता रहेको थियो ।




## जिल्ला समाचार

### खानेपानी योजनामा अनियमिता

राकेश यादव, रौतहट । जिल्लाको मौलापुर नगरपालिका वडा नम्बर ६ पथराबुधराममा निर्माण भएको खानेपानीको कम्पाउण्ड बालमा रकम अनियमित्ता भएको छ । संघीय सरकारको खानेपानी सरसफाई मन्त्रालयको ४० लाखको लागतमा श्री खानेपानी उपभोक्ता समितिले निर्माण गराएको कम्पाउण्ड बालमा रकम अनियमित्ता भएको हो । बौद्धिमाइ नगरपालिका वडा नम्बर १ बौधा निवासी प्रदेश सभा सदस्य आम जनता पार्टीका नेता मनोज यादवले पत्रकार सम्मेलन गरी उक्त खानेपानी आयोजनामा निर्माण गरिएको कम्पाउण्ड बालको रङ रोदन बाकी नै रहेको माटो पुर्ने काम अधुरो नै रहेको अवस्थामा रकम निकासा गरिएको बताएका छन् । उपभोक्ता समितिको अध्यक्ष बिरचन राम संग गौर नगरपालिका वडा नम्बर ४ टिकुलिया निवासी संजय सहनीले ६ लाखको चेक लिएको खुलासा समेत गरे । निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्री भन्दा बढीको बिल संजय सहनीले आफ्नो नाउमा लिएर अनियमित रुपमा रकम दिन उपभोक्ता समितिले दवाव दिने गरेको उल्लेख गरे। उनले भने रकम भुक्तानी दिने उपभोक्ता समितिको नाउमा बिल जारी हुनु पर्ने हो सम्बन्ध नै नभएको व्यक्तिको नाउमा बिल जारी गर्नु नियम बिपरित रहेको छ। बजारमा एक सय रुपैयामा पाउने नारियलको डोरीको ९ सय रुपैया किलोको दरले बिल जारी गरिएकोले रकम दुरुपयोग गर्ने नियत प्रस्ट देखिएको जिकिर गरे । कम्पाउण्ड बालको निर्माण कार्यमा खटेका मजदुरहरुको पारिश्रमिक समेत दिएको छैन। उपभोक्ता समितिको नाउमा सम्बन्धित निकायले ३५ लाख ८४ हजार रुपैया भुक्तानी दिएको बताउदै निर्माण कार्यमा भएको खर्च सार्वजनिक गर्न भन्दा सहनीले खर्च दिन आनाकानी गरिरहेको आरोप लगाए। सहनीले म माथि १० लाख ६३ हजार रकम लिएको आरोपमा कुनै सत्यता नरहेको दाबी समेत गरे। नेता यादवले कम्पाउण्ड बालको स्थलगत अनुगमन गर्न सम्बन्धित निकाय संग माग समेत गरे ।

### नि:शुल्क धारा जडान र धरौटी शुल्कमा छुट

वीरगञ्ज । खानेपानी मन्त्रालय अन्तरगतको नेपाल खानेपानी संस्थान र वीरगञ्ज महानगरपालिकाबीच वीरगञ्जमा खानेपानी सेवा विस्तारका लागि एक महत्वपूर्ण समझदारीपत्रमा हस्ताक्षर भएको छ । खानेपानीमन्त्री प्रदीप यादवको विशेष उपस्थितिमा नेपाल खानेपानी संस्थानका तर्फबाट महाप्रवन्धक अर्जुनबाबु ढकाल तथा वीरगञ्ज महानगरपालिका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । उक्त समझदारी अनुरूप अबदेखि नयाँ उपभोक्ताहरूलाई धारा जडान प्रक्रिया सहज, सरल र प्रभावकारी बनाइने तथा सेवा लिने नागरिकहरूलाई नि:शुल्क धारा जडान गरी नयाँ जडानका लागि लाग्ने धरौटी शुल्कमा छुट प्रदान गरिने व्यवस्था गरिएको मन्त्री यादवले जानकारी दिए । उनले भने, "संस्थानको वीरगञ्ज शाखामा आवश्यक जनशक्ति अभिवृद्धि गरिनेछ, जसबाट त्यहाँको खानेपानी समस्या समाधान गर्न सहयोग पुग्नेछ ।" यस समझदारीपत्र हस्ताक्षरले वीरगञ्जबासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने विश्वास लिईएको मन्त्री यादवले बताए । वीरगञ्ज महानगरपालिका सहित तराई-मधेशका जिल्लामा दिनप्रतिदिन विकराल बन्दै गएको खानेपानी समस्याको तत्काल तथा दीर्घकालीन समाधानका लागि मन्त्रालय, विभाग तथा खानेपानी संस्थान अहोरात्र खटिएको छ । उक्त समझदारीपत्रमा हस्ताक्षर कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह, खानेपानी मन्त्रालयका सचिव ई प्रमिलादेबी शाक्य बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई रामकुमार श्रेष्ठ, खानेपानी संस्थानका अध्यक्ष डा. ढुण्डिराज भट्टराई, संघीय खानेपानी तथा ढल व्यवस्थापन पर्सा प्रमुख बिपुल दास, नेपाल खानेपानी संस्थान पर्सा प्रमुख प्रबीन साह, नेपाल खानेपानी संस्थान बारा प्रमुख सञ्जीब यादव, बीरगञ्ज महानगरपालिका प्रमुख प्रशासकिय अधिकृत अरबिन्दलाल कर्ण, नेपाल खानेपानी सस्थानका बोर्ड सदस्य लगायतको सहभागीता रहेको थियो ।

### सुनसहित दुई जना चिनियाँ नागरिक पक्राउ

काठमाडौं । दुई किलोग्राम सुन तथा नगद २४ लाख रूपैयाँ सहित २ जना चिनियाँ नागरिकहरूलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२६ ज्याँठा बस्ने चीन सिचुआन घर भएका ४६ वर्षीय चुन्लिन टान र २४ वर्षीया छुएमी जोउ रहेका छन् । चुन्लिन टान समेतका व्यक्तिहरूले भन्सार छली गरेको सुन नेपालमा ल्याई काठमाडौं महानगरपालिका-२६ ज्याँठास्थित जिउ डिङ युआन बिन गाउँ होटलमा बसी अवैध रूपमा कारोबार गर्न लागेको भन्ने खबर प्राप्त हुनासाथ काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले होटलको ३०४ नम्बरको कोठा तलासी गर्दा बिस्कुट आकारमा रहेको उक्त परिमाणको सुन तथा नगद फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि राजस्व अनुसन्धान विभाग हरिहरभवन ललितपुर पठाइएको छ ।

समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिविम्बित गर्दछ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

# 'सीमा क्षेत्रमा दुवै देशका सरकारले विशेष व्यवस्था गर्नुपर्छ'




रुपन्देही । नेपाल-भारत खुला सीमा संवाद समूह, रुपन्देहीको आयोजनामा भैरहवाको होटल पौवामा "खुला सीमाः परम्परा, परस्पर निर्भरता र वर्तमान अवस्था" विषयक जनसंवाद कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख वक्ता संस्थाका केन्द्रीय अध्यक्ष डा. राजीव झाले कार्यपत्र प्रस्तुत गर्दै नेपाल-भारतको खुला सीमा केवल भौगोलिक विशेषता नभई सांस्कृतिक, पारिवारिक र ऐतिहासिक सम्बन्धको जीवित प्रतीक भएको बताए ।

भाषा, धर्म, रीतिरिवाज तथा पारिवारिक नातागोता यति घनिष्ठ भएकाले यी सम्बन्धलाई कृत्रिम रूपमा छुट्याउन नसकिने स्पष्ट पारेका हुन् । खुला सीमाले सामाजिक र आर्थिक सम्बन्धलाई सहज बनाएको र सीमा क्षेत्रमा व्यापार, रोजगारी, स्वास्थ्य उपचार तथा पारिवारिक आवतजावतलाई समेत सहज बनाउने बताए ।

साथै उनले सिमा क्षेत्रमा दुवै देशका सरकारहरूले विशेष व्यवस्था गरी त्यहाँका नागरिकलाई शिक्षा, स्वास्थ्य, व्यवसाय र पूर्वाधार विकासमा प्राथमिकता दिनुपर्ने धारणा राखे ।

संविधान सभा सदस्य तथा पूर्वमन्त्री ओमप्रकाश गुलजारीले नेपाल-भारत सम्बन्धलाई राम-सीताको सम्बन्धको संज्ञा दिँदै कसैले चाहेर पनि यो सम्बन्ध तोड्न नसक्ने बताए । उनले नेपाल सरकारले कतिपय अवस्थामा सीमा प्रशासनलाई प्रयोग गरी भारतसँगको सम्बन्ध बिगार्ने प्रयास गरे पनि यस्ता प्रयास सफल नहुने जिकिर गरे ।

यसैगरी, कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता केशव झाले ऐतिहासिक दृष्टिले अंग्रेजहरूले नेपाल-भारतको सीमालाई कृत्रिम रूपमा बाँडेको स्मरण गराउँदै युरोपले युरोपियन युनियनमार्फत २६ देशको सिमा खुला राखेर प्रगति गरेको उदाहरण प्रस्तुत गरेका थिए । उनले रामायणकालीन समयमा जातीय व्यवस्था नरहेको र पश्चिमाहरूले हाम्रा ग्रन्थ चेरेर त्यसमा हस्तक्षेप गरी जातीय व्यवस्था लादेको षड्यन्त्र रहेको समेत बताए ।

लुम्बिनी प्रदेशका प्रदेश सांसद कन्हैया बानियाँले केही युवाहरूले तारबारको कुरा गरे पनि बहुसंख्यक जनताको भावना खुला सीमाप्रति नै रहेको बताए । साथै उनले नेपाल सरकार र भारत दुवैले सीमा क्षेत्रको समग्र विकास र सीमा वासिन्दालाई लक्षित विशेष सुविधा सुनिश्चित गर्नुपर्नेमा जोड दिए ।

साथै सीमामा बसोबास गर्ने समुदायलाई दुवै देशका सरकारले विशेष सुरक्षा, परिचयपत्र प्रणाली, शिक्षा र रोजगारीका अवसर, आपतकालीन राहत जस्ता विशेष व्यवस्था गर्नुपर्ने धारणा राखे ।

नेपाल भारत खुला सीमा संवाद समूह, रुपन्देहीका अध्यक्ष प्रशान्त गुप्ताको अध्यक्षतामा कार्यक्रम सञ्चालन भएको थियो । अध्यक्षीय मन्तव्यमा गुप्ताले नेपाल-भारतको ऐतिहासिक, सांस्कृतिक र पारिवारिक सम्बन्धलाई मजबुत राख्न खुला सीमाको भूमिकालाई अझै संस्थागत गर्नुपर्ने बताए ।

यस्तै, जनमत पार्टीका नेता भुपेन्द्र यादवले मधेशी समुदायले अपेक्षाकृत भारतीय सहयोग नपाएको गुनासो राखे भने नेपाल भारत दलित मैत्री संघका अध्यक्ष ओमप्रकाश विश्वकर्माले भारतले नेपालका लागि सधैं असल मित्रको भूमिका निर्वाह गर्दै सहयोग जारी राखेको उल्लेख गरे ।

नेपाल भारत मैत्री संघका पूर्वअध्यक्ष मुरारीलाल अग्रवालले भारतले नेपालका लागि आफ्नै बजेटबाट समेत सहयोग रकम छुट्याएको प्रसंग स्मरण गराए ।

गोपाल सेवा समितिका अध्यक्ष भरथरी यादवले खुला सीमाबाट सीमा वासिन्दालाई हुने फाइदाका रूपमा उनीहरूले सहज रोजगारी, व्यावसायिक गतिविधि, सस्तो बजार पहुँच, आपतकालीन अवस्थामा स्वास्थ्य उपचार र पारिवारिक भेटघाटलाई सहज बनाएको बताए ।

कार्यक्रममा आनन्द प्रसाद गुप्ता, मोहित कुमार द्विवेदी, दिलिप हरिजन, मनोज कुमार अग्रहरी, दुर्गेश यादव, दिपेन्द्र मौर्य, बिपि शर्मा, पंकज पाठक, अर्जुन कुर्मी, महेश गुप्ता, अजय सिंह क्षेत्री, नवीन खत्री, बिकाश सहनी, दिल बहादुर चौधरी, उर्मिला यादवलगायतको उपस्थिति रहेको थियो ।

# नेपाल-भारतबीच सीमा र सुरक्षा सहकार्यमा सहमति



काठमाडौं । नेपाल र भारतको गृह सचिवस्तरीय वार्ता सम्पन्न भएको छ । बुधबार भारतको राजधानी दिल्लीमा भएको वार्तामा दुवै देशबिचको द्विपक्षीय सुरक्षा सहकार्य र सीमासम्बन्धी व्यवस्थाको समीक्षा गरिएको थियो भने उक्त सहकार्यलाई अझ सशक्त र प्रभावकारी बनाउने विषयमा सहमति जुटाइएको गृह मन्त्रालयले जनाएको छ ।

वार्तामा सिमाना स्तम्भहरूको मर्मत तथा संरक्षण, सिमापार आपराधिक गतिविधि नियन्त्रण, सीमा जिल्ला समन्वय समितिहरूको कार्यसम्पादन, एकीकृत जाँच चौकी, सडक तथा रेल सञ्जालजस्ता सीमावर्ती पूर्वाधारको सुदृढीकरण, सुरक्षा सम्बन्धी निकायहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनजस्ता विषयमा गहन छलफल भएको बताइएको छ ।

दुवै पक्षले 'फौजदारी मामिलामा पारस्परिक कानुनी सहायता सम्बन्धी समझदारीपत्र'को मस्यौदा अन्तिम चरणमा पुगेको उल्लेख गर्दै परिमार्जित प्रत्यर्पण सन्धिको चाँडो टुङ्गो लगाउने दिशामा अघि बढ्ने सहमति भएको बताइएको छ ।

९ वर्षपछि बसेको दुई पक्षीय वार्तामाआगामी गृह सचिवस्तरीय बैठक नेपालमा पारस्परिक सहमतिमा तय गरिने मितिमा आयोजना गर्ने सहमति समेत गरिएको छ ।

वार्तामा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकारका गृह सचिव गोविन्द मोहनले तथा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेपाल सरकारका गृह सचिव गोकर्णमणि दुवाडीले गरेका थिए ।

# मधेशी एकता समाजका अन्तर्राष्ट्रिय वरिष्ठ उपाध्यक्ष डा.कण्ठलाई मातृशोक



काठमाडौं । मधेशी एकता समाजका अन्तर्राष्ट्रिय वरिष्ठ उपाध्यक्ष एवं फिनल्याण्डको सवोनिया युनिवर्सिटीका प्राध्यापक डा.राजीव कुमार कण्ठलाई मातृशोक परेको छ । सप्तरी जिल्लाको राजविराज-३ निवासी प्रा.डा.कण्ठकी आमा शान्ति देवी कण्ठ कायस्थको ७५ वर्षको उमेरमा बिहीबार निधन भएको थियो । समाजका संस्थापक डा.रवीन्द्र कुमार यादवले उनको निधनप्रति दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन् ।

## दक्षिण....

व्यापक रूपमा बढेको छ, जसमा सरकारका मन्त्रीहरू नै संलग्न रहेको प्रमाणहरू सार्वजनिक भइरहेका छन्।

सुशासनको अनुभूति जनताले गर्न सकेका छैनन्, शासन प्रणाली जनउत्तरदायी र पारदर्शी छैन। बेरोजगारी उच्च दरमा वृद्धि भइरहेको छ, आर्थिक बेथिति, अनियमितता र महँगीले आम नागरिकको जीवन संकटमा परेको छ।

जनताले समानता, स्वतन्त्रता र सामाजिक न्यायको आशामा संविधान संशोधनको अपेक्षा गरिरहे पनि निराशा मात्र हात लागेको उल्लेख गरिएको छ। बैठकले यस्तो अवस्थाको कडा विरोध गर्दै सम्पूर्ण नेपाली जनतालाई "लुटतन्त्र, भ्रष्टाचार, बेथिति र असमानता" विरुद्ध एकजुट भई संघर्ष गर्न आह्वान गरेको छ।

जनजागरण अभियानको समीक्षा र विस्तार

बैठकले संघीय गणतान्त्रिक गठबन्धनले देशभरि सञ्चालन गरिरहेको जनजागरण अभियानको मूल्याङ्कन गर्दै यस अभियानमा आम जनताको विस्तृत सहभागिता र उत्साहजनक प्रतिक्रिया प्राप्त भएको बताएको छ।

अभियानले बिग्रिँदो राजनीतिक अवस्था, चरमराउँदै गएको अर्थतन्त्र, कुशासन र कुनीतिको विरुद्धमा जनचेतना फैलाएको ठहर गरिएको छ। बैठकले यो अभियानलाई ७७ वटै जिल्लामा थप प्रभावशाली रूपमा विस्तार गर्दै नेता-कार्यकर्ताहरूलाई आ-आफ्नो क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्न निर्देशन दिएको छ।

उत्पीडित जनताका अग्रगामी शक्तिहरूसँग एकता-सहकार्य

बैठकले विचार, सिद्धान्त र लक्ष्य मिल्ने उत्पीडित जनताको अग्रगामी राजनीतिक शक्तिहरूसँग पार्टी एकता, सहकार्य तथा मोर्चा निर्माणका लागि पहल गर्ने निर्णय गरेको छ।

यस उद्देश्यका लागि पार्टीका महासचिव अनन्त राईको नेतृत्वमा पाँच सदस्यीय वार्ता समिति गठन गरिएको छ।

तराई-मधेशको समस्यामा सरकारको ध्यानाकर्षण

बैठकले तराई-मधेश क्षेत्रका जनतालाई परेको सुक्खा र खानेपानीको अभावप्रति गहिरो चिन्ता व्यक्त गर्दै सरकारले कृषकहरूको समस्या समाधान गर्ने, खानेपानीको तत्काल व्यवस्था गर्ने जस्ता विषयमा द्रुत र प्रभावकारी कदम चाल्नुपर्ने माग राखेको छ।

त्यस्तै, हाल देशभर परेको बाढी र पहिरोका कारण भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै पीडित परिवारलाई तत्काल राहत, उद्धार कार्यको तीव्रता, दीर्घकालीन समाधानका लागि ठोस नीति निर्माणको माग गरिएको छ।

संगठन विस्तार र भावी रणनीति

पार्टीले अबको रणनीतिमा ७७ जिल्ला, ७ प्रदेश र स्थानीय तहहरूमा पार्टीको संगठन विस्तार गर्ने, सदस्यता वितरण र पुनर्गठन कार्य तीव्र गर्ने, भातृ संगठनहरूको भेला, विभाग तथा निकायहरूको पुनर्संरचना गर्ने, सचेतनामूलक अभियानलाई थप व्यापक बनाउने निर्णय गरेको छ।


## स्तनपान गराऔं, बाल स्वास्थ्यमा सुधार गरौं

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुख खुवाऔं,
- जन्मेदेखि ६ महिना पूरा नभएसम्म आमाको दुख मात्र खुवाऔं,
- ६ महिना पूरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्षसम्म निरन्तर स्तनपान गराऔं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं ।

**विश्व स्तनपान सप्ताह सफल पारौं ।**



**नेपाल सरकार**

**विज्ञापन बोर्ड**






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

**हनुमानस्थानचोक, अनामनगर, काठमाडौं**

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं